# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक ३३६ | काठमाडौं | बिहीबार, २२ चैत २०८० | Prabhab National Daily | Thursday, April 4, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


एनआरएनए विवाद

## तीन अध्यक्ष बनाएको महाधिवेशन अवैध ठहर

■ प्रभाव संवाददाता


कुल आचार्य


बद्री केसी


रविना थापा

- ललितपुरको हिमालयन होटलमा भएको महाधिवेशनले विधानविपरीत कुल आचार्य, बद्री केसी र रविना थापा एकैचोटि अध्यक्ष बनेका थिए
- त्यसपछि होटल सोल्टीमा भएको निर्वाचनमा बद्री केसीले सिस्टम नै ह्याक गरेर मत कब्जामा लिएको आरोप अध्यक्षका दुई दाबेदारले लगाएका थिए
- अमेरिकाका नेपाली व्यवसायी सोनाम लामा अध्यक्ष बन्न नपाउँदाको परिणाम एनआरएनएले पटक–पटक मुद्दा खेप्दै यो अवस्थामा आइपुगेको बताइन्छ

**काठमाडौं–** विदेशिएका नेपालीको हकहितका लागि खुलेको संस्था हो गैरआवासीय नेपाली संघ–एनआरएनए । यही एनआरएनएका पदाधिकारीहरू विदेशी संस्कृति र राजनीति सिकाउन भन्दै नेपाल आउजाउ गर्छन् । तर राजनीति होस् या संस्कार, भाँडभैलो गर्नमा एक पाइला अघि भएको पुष्टि सर्वोच्च अदालतको आदेशले गरेको छ ।

सन्दर्भ हो, २०७८ को १०औं महाधिवेशनको । त्यतिबेला नेपालमा रहेकालाई विदेशी राजनीतिको पाठ सिकाउने एनआरएनले भागबण्डा पु¥याउन अध्यक्ष नै तीन जना बनाइएको थियो । ललितपुरको हिमालयन होटलमा भएको महाधिवेशनले विधानविपरीत कुल आचार्य, बद्री केसी र रविना थापालाई एकैचोटि अध्यक्ष बनाएको थियो । सोही कार्यसमितिलाई सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र डा. नहकुल सुवेदीको इजलासले गैरकानुनी घोषणा गरिदिएको हो ।

'महाधिवेशनले विधानसमेत संशोधन गरी संशोधित विधानबमोजिम भनी तीन जना अध्यक्षसहितको अन्तर्राष्ट्रिय समन्वय परिषद्को कार्यसमिति गठन गरेको भनिएकोमा गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ को नियम १३ मा संघको साधारणसभासम्बन्धी व्यवस्था विधानमा व्यवस्था भए बमोजिम हुने कानुनी प्रावधान रहेको सन्दर्भ र उक्त महाधिवेशन नै चैत १२-१३ मा सम्पन्न भएको भनिएकोमा सो अधिवेशनले पारित गरेको विधान प्रमाणीकरण हुनु अगाडि नै अन्तर्राष्ट्रिय समन्वय परिषद् गठन गरेको देखिएकोमा प्रत्यर्थी मन्त्रालयले सोतर्फ आवश्यक जाँचबुझ नगरी विधान प्रमाणीकरण गरेको कार्यबाट ऐन नियमले मन्त्रालयलाई दिएको अख्तियारी जिम्मेवारीपूर्वक र असल नियतले पालना गरेको देखिएन,' सर्वोच्चको आदेशमा भनिएको छ, 'विधान संशोधनसम्बन्धी प्रत्यर्थी मन्त्रालयको मिति २०७८ चैत १३ को र तत्पश्चात् पुनः मिति ०७९ फागुन १४ मा गरिएको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उल्लिखित विधानबमोजिम भएको भनिएको महाधिवेशन तथा निर्वाचनले समेत मान्यता प्राप्त गरेको मान्न मिलेन ।' उक्त महाधिवेशन बदर भएसँगै शेष घले नेतृत्वको एनआरएनए ब्युँतिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## प्रदेश सत्ता हत्याउने होड

- गण्डकी र कर्णालीमा नयाँ सरकार गठनका लागि आह्वान
- गण्डकीमा कांग्रेसले सरकार बनाउने सम्भावना
- कर्णालीमा एमालेका यामलाल मुख्यमन्त्री हुने बाटो खुल्यो
- सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आज विश्वासको मत लिँदै
- नागरिक उन्मुक्तिकी अध्यक्ष र प्रमुख सचेतकको अलग–अलग ह्विप

■ जेबी योञ्जन


राजकुमार शर्मा


सुरेन्द्रराज पाण्डे

**काठमाडौं–** केन्द्रीय सत्ता गठबन्धनमा भएको परिवर्तनअनुसार प्रदेश सरकारहरूको नेतृत्व फेरदबल हुँदै छन् । गठबन्धनका नेताहरूबीच मंगलबार भएको समझदारीपछि बुधबार गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले राजीनामा दिए ।

पाण्डेले प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष राजीनामा बुझाएका हुन् । गत २३ फागुनमा माओवादीले समर्थन फिर्ता लिएको थियो । त्यसपछि मुख्यमन्त्री पाण्डे अल्पमतमा परेका थिए । बहुमत सिद्ध गर्न बुधबार विश्वासको मत लिनुपर्ने अवस्था थियो । तर, पाण्डेले विश्वास प्राप्त गर्न नसक्ने देखेपछि राजीनामा दिएका हुन् ।

गण्डकीमा सरकार गठनका लागि निर्णायक दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बनेको छ । तर, सत्ता केन्द्रित राजनीतिमा सहयोग नगर्ने अध्यक्ष राजेन्द्र लिङदेनले बताइसकेका छन् । यसले अप्ठेरोमा परेपछि पाण्डेले राजीनामा दिएका हुन् ।

उनले राजीनामापछि पत्रकारहरूसँग फेरि पनि कांग्रेसको नेतृत्वमै सरकार गठन हुने दाबी गरेका छन् । उनका अनुसार जसले सक्छ, उसैले सरकार गठन गर्नेछ । उनी संविधानको धारा १६८ को उपधारा (२) अनुसार यसअघि मुख्यमन्त्री भएका कारण अब उपधारा (३) अनुसार सरकार गठन हुने तर्क अघि सारेका छन् । उपधारा (३) अनुसार ठूलो दलको हैसियतामा कांग्रेसले नै गण्डकी सरकारको नेतृत्व गर्ने अवसर पाउने थियो ।

तर, प्रदेश प्रमुख भट्टले भने सरकार गठनको आह्वान उपधारा (२) अनुसार नै गरेका छन् । उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न सात दिनको समय (२७ चैतसम्म) दिइएको छ । उक्त दिन दिउँसो ३ बजेसम्मको समय दिइएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

गण्डकीमा एमालेका २२, माओवादीका सभामुखसहित आठ जना सांसद् छन् । जुन संख्या सरकार बनाउन पर्याप्त छैन । दुई सदस्य रहेको राप्रपाले गठबन्धनलाई साथ नदिँदा बहुमत नपुग्ने र ठूलो दलको हैसियतमा फेरि आफैं मुख्यमन्त्री हुने रणनीति पाण्डेको छ ।

साठी सदस्यीय गण्डकी प्रदेशसभामा कांग्रेसका २७ सांसद छन् । एकीकृत समाजवादी प्रवेश गरेर अहिले फेरि स्वतन्त्र हैसियत मागेका दीपक मनाङेलाई पाण्डेले भौतिक पूर्वाधारमन्त्री बनाएका थिए ।

अब यहाँ गठबन्धन दलहरूबीच भएको सहमतिका आधारमा एमालेबाट मुख्यमन्त्री हुने छन् । तर, सरकार गठनका लागि निकै सकस छ । बरू, कांग्रेसले सरकार गठन गर्न सक्ने सम्भावना बढी छ । किनभने राप्रपाले कांग्रेससँग सहकार्य गर्न खोजेको छ । राप्रपाको समर्थनमात्रै भए पाण्डेले फेरि सरकार गठन गर्ने छन् ।

### कर्णालीमा एमालेलाई बाटो खुला

कर्णालीमा पनि अब एमालेले नै सरकार गठन गर्दै छ । एमाले नेता यामलाल कँडेल मुख्यमन्त्री बन्दै छन् । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले मुख्यमन्त्रीका लागि प्रदेशसभामा झारेका थिए । त्यसबेला वर्तमान उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव शंकर पोखरेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, नेता शेरधन राई र भीमप्रसाद आचार्य मुख्यमन्त्री भए । कँडेल भने मुख्यमन्त्री हुन प्रयासमा रहे । तर, उनी सफल भएनन् । मंगलबार गठबन्धनका नेताहरूबीच भएको सहमतिको आधारमा भने उनी मुख्यमन्त्री हुने छन् ।

(क्रमशः पृष्ठ २ मा)

### सुदूरपश्चिमका शाह विश्वासको मत लिँदै


कमलबहादुर शाह

सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले भने आज विश्वासको मत लिँदै छन् । शाहल विश्वासको मत जुटाउने निकै चुनौती हुने देखिन्छ । कांग्रेसबाट मुख्यमन्त्री भएका उनी अल्पमतमा छन् । विश्वासको मत लिनुपर्ने बाध्यकारी अवस्थामा छन् । जसकारण उनले विश्वासको मत लिन लागेका हुन् । विश्वासको मत नल्याए उनको सरकार ढल्ने छ । माओवादी, नेकपा एकीकृत समाजवादीसँगै नागरिक उन्मुक्ति पार्टीले गरेको समर्थन फिर्तापछि शाहले विश्वासको मत लिने भएका हुन्,' उनले भने, 'विश्वासको मत दिनुहोला । सरकार टिकाउँ, जनतालाई स्थिरता दिऔं ।'

उनले विश्वासको मत पाउने सम्भावना न्यून छ । सुदूरपश्चिमबाट नागरिक उन्मुक्तिबाट मन्त्री भएका पाँच प्रदेशसभा सदस्यले कांग्रेस नेतृत्वको प्रदेश सरकारलाई समर्थन गरिरहेका छन् । नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठले समर्थन फिर्ता लिन निर्देशन दिए पनि उनीहरूले मानेका छैनन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## इराकमा श्रम स्वीकृति खुला गर्न एनआरएनएको माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारीका लागि इराकमा श्रम स्वीकृति खुला गर्न माग गरेको छ । एनआरएनएका अध्यक्ष डा. बद्री केसीसहितको प्रतिनिधिमण्डलले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई बुधबार भेटेर उक्त माग गरेको हो ।

भेटका क्रममा मन्त्री अर्यालसँग वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन र मुलुकभित्रै रोजगारी सिर्जना गर्नका लागि संघको संयन्त्रलाई सदुपयोग गर्न अध्यक्ष केसीले आग्रह गरे । रोजगारीका लागि विभिन्न मुलुकमा जाने नेपालीलाई सहजीकरण आफूहरू प्रतिबद्ध रहेको केसीले बताए । 'अवैधरूपमा थुप्रै नेपालीहरू इराक गइरहेका छन्,' उनले भने, 'त्यसरी जाने नेपालीहरूलाई सुरक्षाको ग्यारेन्टी गरेर श्रम स्वीकृति खुला गर्नुपर्छ ।'

यसैगरी अहिले कुवेत सरकारले गैरकानुनी रूपमा बस्दै आएका आप्रवासी श्रमिकलाई आममाफी दिने व्यवस्था गरेको अध्यक्ष केसीले जानकारी गराए । 'कुवेतले गरेको व्यवस्थाका कारण थुप्रै नेपालीले फाइदा लिन सक्छन्,' उनले भने, 'यसरी गैरकानुनी रूपमा बस्दै आएका नेपाली श्रमिकलाई नेपाल फर्कनका लागि सरकारले सहजीकरण गर्नुपर्छ ।' यसका लागि एनआरएनएले पनि सहयोगी भूमिका निर्वाह गर्ने केसीले बताए । उक्त भेटमा एनआरएनए महिला उपाध्यक्ष रोजिना प्रधान राईले महिला श्रमिकलाई सुरक्षित रूपमा वैदेशिक रोजगारी जान सक्ने वातावरण बनाउने कार्यमा पहल गर्न आग्रह गरिन् ।

त्यस्तै मन्त्री अर्यालसँगको भेटमा ध्यानाकर्षण गराउँदै एनआरएनएको प्रतिनिधिमण्डलले ज्ञापनपत्रसमेत बुझाएको छ । जसमा श्रमिक कल्याणकारी कोषको उचित सदुपयोग गर्न, श्रम मन्त्रालयको नीति निर्माणको क्रममा एनआरएनएलाई पनि समावेश गराउन, इराकमा श्रम स्वीकृति खुला गर्न, औपचारिक माध्यमबाट रेमिटान्स पठाउनेलाई इन्सेन्टिभको व्यवस्था गर्नका लागि पहल गर्न माग गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### श्रममन्त्री अर्याल र स्वीस राजदूतबीच भेटवार्ता

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल र नेपालका लागि स्वीजरल्याण्डका राजदूत डा. डेनियल मेउलीबीच भेटवार्ता भएको छ । बुधबार मन्त्रालयमा भएको शिष्टाचार भेटमा श्रममन्त्री अर्यालले आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न विकास साझेदारहरूको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

उनले आगामी दिनमा नेपाल सरकारले न्यूनतम ज्यालामा आधारित रोजगारी सिर्जनामात्र नभई श्रमबजारको मागका आधारमा सीप विकासमा लगानी गर्ने बताए । मन्त्री अर्यालले सीपयुक्त जनशक्तिको निर्माण गरी सक्रिय श्रमबजारको स्थापना, स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाए । भेटमा नेपालका लागि स्वीस राजदूत डा. डेनियलले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सञ्चालित रोजगार सेवा केन्द्र सुदृढीकरणको बारेमा चर्चा गरे । स्वीस सरकार, अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), फरेन कमनवेल्थ एण्ड डेभलपमेन्ट अफिस (एफसिडिओ) तथा विश्व बैंकको सहकार्यमा सञ्चालित यो कार्यक्रम रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता विकासमा केन्द्रित छ ।

उक्त भेटमा विश्व बैंकका नेपाल निर्देशक फारिस हदाद जविस र एफसिडिओका प्रतिनिधि पनि सहभागी थिए । विश्व बैंकका नेपाल निर्देशक जविसले विश्व बैंकको सहयोगमा सञ्चालित 'युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना' (यति) को अवधि थप गर्न विश्व बैंक इच्छुक रहेको बताए ।

उनले आयोजनामार्फत नेपालको आन्तरिक रोजगारी प्रवर्द्धन, सीप विकासका कार्यक्रम सञ्चालन, राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको निर्माण र स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीको क्षमता विकास गरी एकीकृत श्रम रोजगार सेवालाई प्रभावकारी बनाउन विश्व बैंक प्रतिबद्ध रहेको बताए । सन् २०२० जुन ३० देखि विश्व बैंकको सहयोगमा मन्त्रालयले 'यति' परियोजना सञ्चालन गर्दै आएको छ । यस परियोजनामार्फत विश्व बैंकले नेपालमा आन्तरिक रोजगारीको सिर्जना, श्रमिकको सीप विकास, श्रमबजारको नतिजामा सुधार तथा राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (नेमिस) निर्माण गर्ने प्रतिबद्धता गरेको छ । आगामी जुन महिनामा परियोजनाको अवधि सकिँदै छ ।




## पृष्ठ १ बाट क्रमशः

### प्रदेश सत्ता...

कर्णालीका सबैभन्दा सिनियर नेता भएकाले पनि कँडेलले २०७४ का आमचुनावमा संघमा नलडेर प्रदेशसभा ताकेका थिए । माओवादीसँगको गठबन्धनको बलमा एमालेले कर्णाली प्रदेशका ४० सिटमध्ये २० सिटमा जित पनि हात पार्‍यो । एमाले संसदीय दलका नेता निर्वाचित भए पनि कँडेल मुख्यमन्त्री हुन पाएनन् । प्रदेश बाँडफाँटमा कर्णाली माओवादीको भागमा पर्‍यो । अन्ततः त्यसबेला मुख्यमन्त्री माओवादी केन्द्रका महेन्द्रबहादुर शाही बने ।

त्यसयता मुख्यमन्त्री हुन पटक-पटक प्रयास गरेका कँडेलका लागि २०८० सालको अन्तिम महिना शुभ भयो, जसको सुरुआत २१ फागुनमा संघीय सरकारमा एकाएक भएको सत्ता गठबन्धन परिवर्तन थियो । पटक-पटक मुख्यमन्त्री पद कँडेलको मुखमा पुगेर फुत्किएको छ । तर, योपटक प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी ओली दुवै कँडेललाई मुख्यमन्त्री बनाउन तयार भए । उनी अब यसपटक मुख्यमन्त्री बन्ने छन् ।

प्रदेशप्रमुख तिलक परियारले सात दिनको समय दिएर नयाँ सरकार गठन गर्न बुधबार आह्वान गरेका छन् । मुख्यमन्त्री शर्माले राजीनामा दिएपछि प्रदेशप्रमुख परियारले नयाँ सरकार गठनका लागि आह्वान गरेका हुन् । तर, अहिले कामचलाउ सरकारको जिम्मेवारी भने शर्मालाई नै दिइएको छ ।

उनले यसअघि राजीनामा दिन मानेका थिएनन् । बरू, पार्टीका उपमहासचिव जनार्दन शर्माको आडमा उनले प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष दाहालले राजीनामा दिएर मार्गप्रशस्त गर्न दिएको निर्देशनलाई अवज्ञा गरेका थिए । तर, उनको सीप चलेन । अन्ततः एमालेका कँडेल मुख्यमन्त्री बन्ने बाटो खुलेको हो । यहाँ सरकार गठनका लागि स्पष्ट बहुमत छ ।

### सुदूरपश्चिमका शाह...

बुधबार अध्यक्ष श्रेष्ठले ह्विप जारी गर्दै मुख्यमन्त्री शाहले विश्वासको मतका लागि प्रदेशसभामा गर्ने प्रस्तावको विपक्षमा मतदान गर्न निर्देशन दिएकी छन् । तर, उक्त दलका प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक खुसीराम डंगोरा थारुले छुट्टै ह्विप जारी गर्दै विश्वासको मतको पक्षमा मतदान गर्न निर्देशन दिएका छन् ।

### तीन अध्यक्ष ...

त्यतिबेला विधानविपरीत महाधिवेशन गरेको भन्दै घले पक्षले विनोद कुँवरको नेतृत्वमा अर्को कार्यसमिति गठन गरेको थियो । अदालतले उक्त कार्यसमितिलाई पनि खारेज गरिदिएको छ ।

२०७८ पछि एनआरएनले गत कात्तिकमा होटल सोल्टीमा ११औं महाधिवेशन गरेको थियो । उक्त महाधिवेशनबाट डा. बद्री केसी अध्यक्षमा निर्वाचित भएका थिए। तर यो महाधिवेशन झनै रोचक बन्यो । अध्यक्षमा बद्री केसी चुनिनासाथ कार्यक्रमस्थलमै भाँडभैलो भएको थियो । प्रतिस्पर्धी दुई उम्मेदवारले अनलाइन भोटिङ प्रणाली कब्जामा लिएर चुनावमा धाँधली गरिएको आरोप लगाएका थिए ।

एक उम्मेदवार डा. केशव पौडेलको काठमाडौंबाट झरेको मत शून्य देखिएपछि उम्मेदवारहरूले मत परिणाममाथि शंका गरे । काठमाडौंबाट ८०० भन्दा धेरैले मत खसालेका थिए । उम्मेदवार आफैंले आफैंलाई भोट नहाल्ने अवस्था हुन नसक्ने भन्दै घोषणा गरिएको मत परिणामप्रति आक्रोश पोखेका थिए । निर्वाचनमा बद्री केसी एक हजार ३७८ मत ल्याएर विजयी भएको घोषणा गरिएको थियो । यस्तै आरके शर्माले एक हजार २८१ र महेश श्रेष्ठले एक हजार २२५ मत प्राप्त गरेको निर्वाचन समितिले घोषणा गरेको थियो ।

मत परिणाम घोषणासँगै शर्मा र श्रेष्ठले नतिजा स्वीकार गर्न नसकिने बताएका थिए । उनीहरूले केसीको टिमले सिस्टम नै ह्याक गरेर मत कब्जामा लिएको आरोप लगाएका थिए । दुवै महाधिवेशन रद्द गर्दै एनआरएनएमा पूर्वअध्यक्षहरू शेष घले, उपेन्द्र महतोलगायत संघलाई जन्माउन र पहिचान दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिहरू संलग्न उच्चस्तरीय समितिमा कसैको विवाद नभएको भन्दै उक्त समितिलाई यथावत् कायम राख्ने आदेश दिएको छ ।

उच्चस्तरीय समितिमा कुल आचार्य, डा. बद्री केसी र रविना थापा, विनोद कुँवर, उमेशकुमार पुडासैनी जानकी गुरुङ गरी छ जनालाई थप गर्न पनि सर्वोच्चले आदेश दिएको छ । उच्चस्तरीय समितिले पहिलो बैठक बसेको मितिले छ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सबै विवाद समाधान गरी एकता महाधिवेशन गराउन आदेश दिएको छ ।

#### सोनाम अध्यक्ष बन्न नपाउँदाको परिणाम

एनआरएनए विधानविपरीत गएको भन्दै घले पक्ष र सोनाम लामा एक भएर लागेको देखिन्छ। अस्ट्रेलियको डलर अर्बपति घले अमेरिकाका व्यवसायी सोनामलाई एनआरएन अध्यक्ष बनाउन चाहन्थे । माओवादीनिकट भनिएका सोनाम यस्तो सेटिङ मिलाउन पार्टी छाडेर कांग्रेस प्रवेश गरे र उपाध्यक्षसम्म बन्न सफल भए। तर उनको पार्टी प्रवेशका बेला एनआरएनएमा कांग्रेसभित्रै कहल सिर्जना भएको थियो । जसकारण सोनाम अध्यक्ष बन्न वातावरण बनेन।

आफू अध्यक्ष बन्न त्यसपछि सोनामले आफ्नै नेतृत्वमा युनाइटेड नेपाली डायस्पोरा अर्गनाइजेसन (युएइडिओ) गठन गरे । उक्त संस्थालाई दर्ता गर्न कांग्रेसबाट परराष्ट्रमन्त्री रहेका एनपी साउदले अनुमति दिए । परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपालीहरूको संस्था युएइडिओ दर्ता गर्ने निर्णय गत कात्तिक २४ गते गरेको हो ।

सोनामको संयोजकत्वमा गठन भएको युएइडिओ दर्ताका लागि मन्त्रालयमा ८ वैशाख २०७९ मै निवेदन परेको थियो । तर परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपालीहरूको एउटा मात्र संस्था हुने भन्दै दर्ता गरेको थिएन । संस्था दर्ताको माग गर्दै लामाको समूह सर्वोच्च पुग्यो, जसमा न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र तीलप्रसाद श्रेष्ठको संयुक्त इजलासले साउन २०८० मा निवेदनको मागअनुसार गर्न परराष्ट्र मन्त्रालयको नाममा परमादेश दियो । सर्वोच्चको आदेशपछि मन्त्रालयले युएइडिओ दर्ताका लागि परेको कागजपत्र परीक्षण गरेको थियो ।

### इराकमा श्रम...

साथै, वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन, सात वटै प्रदेशमा भोकेशनल तालिम केन्द्र सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा एनआरएनएसँग समन्वय गर्न पनि माग गरिएको छ । मन्त्री अर्यालले एनआरएनएको प्रतिनिधिमण्डलले दिएको सुझाव मनन गर्ने र कतिपय मागहरूमा आगामी दिनमा छलफल गर्ने प्रतिक्रिया दिए । उनले श्रमिकको हित हुने कार्यमा एनआरएनएसँग समन्वय गरी अगाडि बढ्न मन्त्रालय तयार रहेको बताए ।

# नेपालीपन झल्कने नामकरण गर्न विद्यालयलाई आग्रह

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाको शिक्षा विभागले महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको छ । विभागले बुधबार एक सार्वजनिक सूचना प्रकाशित गरी महानगरपालिकाअन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको हो ।

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १५४ (१) तथा काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ७० मा नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्नुपर्ने व्यवस्था रहेको महानगरले स्मरण गराएको छ ।

महानगरपालिका अन्तर्गतका अधिकांश संस्थागत विद्यालयहरूको नाम यो व्यवस्थाको प्रतिकूल देखिएकाले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र महानगरस्थित शिक्षा विभागमा सम्पर्क गर्न निर्देशन दिइएको छ ।

सात दिनभित्रमा सम्पर्क गरी मौलिक नामकरणको प्रक्रिया अगाडि नबढाएमा विद्यार्थी भर्ना प्रक्रियामा रोक लगाउनेसहित कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने महानगरको शिक्षा विभागद्वारा प्रकाशित सूचनामा उल्लेख छ । विद्यालयको मौलिक नामकरणका लागि विद्यालय व्यवस्थापन समितिबाट प्रस्तावित नाम निर्णय गराएर ३५ दिनभित्र महानगरमा निवेदन दिनसमेत निर्देशन दिइएको छ ।


### माईग्रेसन हराएको सूचना

मितिः २०८०/११/०९ गते सुर्खेत, विरेन्द्रनगर, मंगलगढीचोक देखि घण्टाघरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : महेन्द्र बहादुर रावल**
**रजिस्ट्रेसन.नं.:** ६४५९०४४११
**सिम्बोल.नं.:** ९५१४७२
**ठेगाना.: बाबीयाचौर-४, सुर्खेत**
**सम्पर्क:** ९७६४३६५०५८

### प्रमाण पत्र हरएको सूचना

मिति २०८०/११/११ गते कलंकीदेखि महेन्द्ररत्न क्याम्पस, ताहाचलसम्म जाँदा मेरो त्रिभुवन विश्वविद्यालयको प्रमाण पत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : **एन्जिला श्रेष्ठ**
तह : **ब्याचलर**
शंकाय : **शिक्षा**
रजिष्ट्रेशन नं: **९-२-३०४-५८-२०१०**
रोल नं: **३०४०२१६**
ठेगाना.: **काठमाडौं**
फोन नं.: **९८०३१९३३३८**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३३४ चैत २० गते २०८० मा प्रकाशित **Omega International Pvt. Ltd.** को Lot No. 297670 को **Advanced Technology Company Ksc** तथा Lot No. 278050 को **City Group For General Trading Company** को विज्ञापनमा **अन्तर्वार्ता मितिः २०८१ वैशाख ३ देखि ७ सम्म (15-19th Apr. 2024)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


### नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन ललितपुर ०१-५००८२४५, ५४२८०१९


### धितोमा रहेको अचल सम्पत्ती लिलाम विक्री सम्वन्धि ३५ दिने सूचना

प्रकाशित मिति २०८०।१२।२२

यस सहकारी संस्था लि.बाट कर्जा कारोबार गर्ने तपसिलका सदस्यले ऋण कर्जा लिंदा सहकारी संस्था संग भए गरेका शर्त कबुलियत लिखत बमोजिम भाखामा कर्जाको सावा, ब्याज, हर्जाना भाखा अवधीमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता गर्ने सम्वन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको शर्त बन्देज उलंघन गरेकोले यो सुचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई तिर्न बुझाउन सम्पूर्ण साँवा, ब्याज, हर्जाना रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहोला । उक्त म्याद भित्र सम्पूर्ण रकम चुक्ता भुक्तानी नगरेमा सूचना प्रकाशित भएको मितिले ३६ औ दिन धितोमा रहेको अचल सम्पत्ति लिलाम बिकी गरी संस्थाको लेना रकम असुल उपर गरिनेछ । साथै यो सूचना बमोजिम धितो सुरक्षण रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संस्थावाट सूचना प्रकाशित भएको मितिले ३६ औ दिन अर्थात मिति २०८१।१।२८ गते शुक्रवार दिनको ११.०० वजे देखि २:०० वजे सम्म सहकारी नियमावली २०७५ को नियम ३०(१) को प्रकृया बमोजिम डाक वढावढ मार्फत धितो लिलाम विकि गरिने छ । साथै धितो सुरक्षणमा रहेको अचल सम्पत्ती लिलाम हुन नसकि संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हद सम्म कानुन बमोजिम ऋणी र जमानीकर्ताको घरघरानाबाट असुलउपर गरिने ऋणसँग सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरिन्छ ।

तपसिल

ऋणी,जमानीकर्ताको नामठेगाना र धितो सुरक्षण रहेको सम्पत्तिको विवरण

| | | |
|---|---|---|
| नाम : महेन्द्र कुमार नकर्मी (ना.प्र.नं. ४८५५/३६३६ काठमाण्डौ बाबुको नाम : श्री कृष्ण नकर्मी बाजेको नाम : नारायण कृष्ण नकर्मी ठेगाना: का.जि.का.म.न.पा.वडा नं.१४ हाल : ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं २० ललितपुर । |  | मालपोत कार्यालय ललितपुर लगनखेलमा महेन्द्र कुमार नकर्मीको नाममा दर्ता कायम रहेको ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं.२० ख कि.नं.९८५ क्षेत्रफल ०-३-२-३ (११७.२५ ब.मी.) घरजग्गा लिगलगापात समेत । |
| नाम : शुभद्रा नकर्मी (जमानीकर्ता) ऋणिको पत्नि |  | ऐ ऐ |
| नाम : समिद नकर्मी (जमानीकर्ता) ऋणिको छोरा |  | ऐ ऐ |
| नाम : समृद्धि नकर्मी (जमानीकर्ता) ऋणिको छोरी |  | ऐ ऐ |

लिलाम हुने मिति : २०८१।१।२८ गते शुक्रवार दिनको ११:०० बजे देखि २:०० बजे सम्म
स्थान : संस्थाको कार्यालय मानभवन ललितपुर

### पुनर्वास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कृषि विकास शाखा
पुनर्वास, कञ्चनपुर

### बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२२ गते*

यस कार्यालयको चालु आ.व.२०८०/०८१ मा ५० प्रतिशत अनुदानमा धानको उन्नत वीउ वितरण गर्ने कार्यक्रम रहेकोले धानको उन्नत वीउ आपुर्ति गर्नुपर्ने भएको हुदा ईच्छुक वीउ विजन विक्री ईजाजत प्राप्तकृषक समुह, वीउ उत्पादक कम्पनी र कृषि सहकारी संस्थाहरुबाट उन्नत धानको वीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रही देहाय बमोजिम बोलपत्र आह्वान गरिएको छ ।

१) बोलपत्र आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (२०८१/०१/२१ गते) भित्र रु.३,०००। (तिन हजार पछि फिर्ता नहुने) आन्तरिक राजस्व खाता खाता न. ४२१०१००३०१०१०००२ कार्यालय कोड नं. ८०७७६४०२३०० राजस्व शिर्षक नं. १४२२९ तिरी प्राप्त गरेको रसिद, आ.व. २०८०/०८१ का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु, सम्वन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, बीउविजन विक्री वितरणको इजाजतपत्र, वीउ परिक्षण सम्बन्धी प्रतिवेदन, खडा वालिनिरिक्षण प्रतिवेदन, स्थायी लेखानम्वर प्रमाण पत्र, आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन, खरिद कार्वाहीमा भागलिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राईटर स्वयम् उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयको कृषि विकास शाखाबाट बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।
२) यस कार्यालयको प्रमुखले सहि गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फाराममा बोलपत्र पेश गर्नुपर्नेछ ।
३) बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी आपुर्तिकर्ताको नाम र छाप लगाएको सिलबन्दिको लाहाछापको नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ ।
४) यस कार्यालयबाट बिक्रि नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनैशर्त राखी वा कैफियतजनाई प्राप्तभएको र रित नपुगेको, बोलपत्रउपर कुनै कारवाहिगरिने छैन ।
५) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (२०८१/०१/२२) को दिउसो १२:०० बजे भित्रदर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समयभन्दा पछि बुझाएको बोलपत्र स्विकार गरिने छैन । सोहि दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधापुग्ने छैन ।
६) बोलपत्रदाताले धरौटी वापतको रकम रु.९६,०००।- (छयानब्बे हजार मात्र) पुनर्बास नगरपालिकाको कार्यालय कञ्चनपुरको रा.वा.बैंक शाखा कार्यालय पुनर्बासमा रहेको कार्यालयको धरौटी खाता नं.४२१०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने (क श्रेणीको) वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको बोलपत्र जमानत (बिड बण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । घटी म्याद वा घटी रकम समावेश भएको बोलपत्र उपर कारवाही हुने छैन ।
७) बोलपत्रदर्ता गर्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दर्ता गर्न सकिने छ ।
८) पेश भएको बोलपत्रको कवोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
९) पेश भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
१०) म्याद नाघि आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
११) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
१२) खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।
१३) यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
१४) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको टेलिफोन नम्बर ९८४८७८७२९०, ०९९४२००५५, ०९९५६०२५६ मा कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

तपसिल

| ठेक्का नं. | विवरण | ल.ई.अंक रु. | धरौटी रकम |
|---|---|---|---|
| ०१/२०८०/०८१ | ५० प्रतिशत अनुदानमा उन्नत धानको वीउ वितरण कार्यक्रम | रु.३२,०००००। (कार्यालयको ५० प्रतिशत र कृषकहरुको ५० प्रतिशत गरी जम्मा रकम) | ९६,०००।- |

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्यूजियम मार्ग छाउनी काठमाडौं

### STRO/SQ/01/2080-081 Supply, Delivery and Installation of Server, र STRO/SQ/02/2080-081 License Of OS Virtualization Backup खरिद सम्बन्धी बोलपत्र आहवानको सूचना

प्रकाशित मिति : २०८०।१२।२२

यस कार्यालयको लागि तपशिलमा उल्लेखित कम्प्युटर सफ्टवेर सम्बन्धी सामान खरिद गर्नु पर्ने भएकोले शिलवन्दी दरभाउपत्र आहवान गरिएको छ । आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्मले शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नको लागि रु. १,०००.०० (एक हजार मात्र) को नगदी रसिद पश्चात दरभाउपत्र फारम प्राप्त गर्न सकिने छ । साथै धरौटी रकमको लागि राष्ट्रिय वाणिज्य बैक को खाता नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा बैक ग्यारेन्टी पेश गर्नु पर्नेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी तथा प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल

| शिलवन्दी दर भाउपत्र | सामानको नाम | संख्या | धरौटी रकम | फारमको अन्तिम विक्री मिति र समय | फारम दर्ता गर्ने अन्तिम मिति र समय | फाराम खोल्ने समय |
|---|---|---|---|---|---|---|
| STRO/SQ/01/ 2080-081 | Supply, Delivery and Installation of Server | १ | ४५,०००.०० | २०८१/०१/०६ गते ५ बजे सम्म | २०८१/०१/०७ गते १२ बजे सम्म | २०८१/०१/०७ गते २ बजे सम्म |
| STRO/SQ/02/ 2080-081 | License Of OS Virtualization Backup | १ | ३७,५००.०० | २०८१/०१/०६ गते ५ बजे सम्म | २०८१/०१/०७ गते १२ बजे सम्म | २०८१/०१/०७ गते २ बजे सम्म |

# डेंगीप्रति सचेतना अपनाउन आग्रह

**काठमाडौं (प्रस)–** गर्मीयाम सुरु भएसँगै डेंगीको जोखिम पनि बढ्न थालेको छ । गर्मी बढेसँगै मानिसले पानी संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टेले डेंगीको संक्रमण गराउने भएकाले जोखिम बढ्दै गएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले गर्मीसँगै पानी पनि पर्न सुरु हुने भएकाले डेंगीको जोखिम बढ्ने बताए । डेंगीको संक्रमणबाट बच्न सचेतना अपनाउनुपर्नेमा उनले जोड दिए ।

'गर्मीसँगै पानी संकलन गरेर राख्ने गरिन्छ । यसरी संकलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ,' डा. दाहालले भने । उनले जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्न अभियान सञ्चालनका लागि स्थानीय तहलाई निर्देशन दिइसकिएको बताए ।

'माघयता डेंगी देखिएका ३३ स्थानीय तहलाई पत्राचार गरेर लामखुट्टे खोज र नष्ट अभियान सञ्चालन गर्न निर्देशन दिएका छौं,' डा. दाहालले भने, 'अन्य स्थानीय तहलाई पनि डेंगीबारे सचेतना जगाउन आग्रह गरेका छौं ।' उनका अनुसार डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेमा डेंगी लाग्दछ ।

डेंगी हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्नेलगायत लक्षण देखापर्ने भन्दै डा. दाहालले लक्षण देखापरेमा तत्काल चिकित्सकको सल्लाह लिन आग्रह गरे । लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेर मात्र सुत्ने, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न उनले अनुरोध गरे ।

उनका अनुसार सन् २०२३ मा करिब ५१ हजार १४३ र सन् २०२२ मा ५४ हजार ६३० जनामा डेंगी देखिएको थियो । नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेंगी देखिएको थियो । सन् २००५ मा भने डेंगीका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेंगीको संक्रमण देखिँदै आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

# म्याग्दीको विकट गाउँ सडक सञ्जालमा जोडियो

**म्याग्दी–** म्याग्दीको विकट क्षेत्रमा अवस्थित धवलागिरि गाउँपालिका-४ को खिवाङगाउँ सडक सञ्जालमा जोडिएको छ । धवलागिरि गाउँपालिका भएर बग्ने म्याग्दी नदीमा निर्माणाधीन जलविद्युत् आयोजनाको लगानीमा खिवाङगाउँ सडक सञ्जालमा जोडिएको हो ।

धवलागिरि गाउँपालिका-४ का वडाध्यक्ष याम घर्तीमगरले लामो छहरा केंकीबाट खिवाङ जोड्ने करिब तीन किलोमिटर सडक निर्माण भएको बताए । 'खाम्ला-केंकी-नाउरा हुँदै बगर जोड्ने मूल सडक निर्माण भइरहेको छ,' उनले भने, 'केंकीबाट खिवाङ जोड्ने शाखा सडक निर्माण हालै पूरा भएको हो ।' सडक निर्माण भएपछि खिवाङका १८० घरपरिवार लाभान्वित भएका उनले बताए । सो सडकमा मोटरसाइकल, जिप र ट्र्याक्टर चल्न थालेका छन् ।

पैसट्ठी मेगावाट क्षमताको म्याग्दीखोला, ५३ मेगावाटको अपर म्याग्दी (१) र ३७ मेगावाटको अपर म्याग्दीखोला जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनीको संयुक्त लगानीमा खिवाङलाई सडक सञ्जालले जोडिएको गाउँपालिकाले जनाएको छ ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले हालसम्म सडक नपुगेको खिवाङ गाउँलाई यातायात सञ्जालमा जोड्न निर्माणाधीन जलविद्युत् आयोजनासँग समन्वय गरिएको बताए । अपर म्याग्दी जलविद्युत् आयोजनाका संयोजक सुरेश घलेले सामाजिक सहयोग कार्यक्रमअन्तर्गत विकट गाउँ खिवाङ जोड्ने सडक निर्माण गरेको बताए । गाउँपालिकाको सक्रियतामा खाम्ला हुँदै खिवाङ जोड्ने सडक पनि निर्माणाधीन छ । *रासस*

# महालेखापरीक्षक सिफारिसमा टिआई नेपालको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** संवैधानिक परिषद्ले तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) नेपालले आपत्ति जनाएको छ । कानुनबमोजिम लेखा राख्ने, राख्न लगाउने र लेखापरीक्षण गराउनेलगायतका जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको रहने र सोही प्रकृतिको पदमा रहेका रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा टिआई नेपालले आपत्ति जनाएको हो ।

राज्यका कुनै पनि उच्च पदमा नियुक्ति गरिँदा स्वार्थको द्वन्द्व नहुने र सुशासनमा खलल नपर्ने कुरा सुनिश्चित गरिनुपर्ने टिआई नेपालको आधिकारिक धारणा छ ।

'संवैधानिक परिषद्द्वारा यही २०८० वैशाख २१ गतेसम्म अर्थसचिव पदमा रही तत्पश्चात् उपराष्ट्रपतिको कार्यालयमा सचिव र त्यसपछि राष्ट्रिय तथ्यांक कार्यालयको प्रमुख तथ्यांक अधिकारीका रूपमा कार्यरत तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरिएकामा टिआई-नेपालको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'महालेखापरीक्षक नेपालको संविधानको धारा २४१ मा भएको व्यवस्थाअनुरूप नेपाल सरकारका सबै निकायको लेखापरीक्षण गर्ने सर्वोच्च पद हो, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले नेपाल सरकारको कुनै मन्त्रालय वा केन्द्रीय निकायको सचिव पदमा कार्यरत व्यक्तिलाई लेखाउत्तरदायी अधिकृत मानेको छ ।'

टिआई नेपालका अध्यक्ष पद्मिनी प्रधानांगका अनुसार विश्वका विभिन्न मुलुकका महालेखापरीक्षकजस्ता सर्वोच्च लेखापरीक्षण निकायको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) बाट जारी आचारसंहितामा नैतिक आचरणबारे उल्लेख रहेको छ । 'ती आचरणमध्ये लेखापरीक्षक (महालेखापरीक्षक र निजकोतर्फबाट लेखापरीक्षण कार्य गर्ने अन्य व्यक्ति) को निष्ठा, लेखापरीक्षण गराउने निकायबाट स्वतन्त्र र वस्तुनिष्ठ रहनुपर्ने विषय महत्त्वपूर्ण छन्,' उनले भने, 'त्यस्तो लेखापरीक्षकको नियुक्ति गर्दा वा निजलाई लेखापरीक्षकका रूपमा तोक्दा निजको स्वतन्त्रता र वस्तुनिष्ठता कायम हुन्छ हुँदैन भन्ने पक्ष महत्त्वपूर्ण हुन्छन् ।'

उनका अनुसार लेखापरीक्षकका रूपमा तोक्दा र लेखापरीक्षकले जिम्मेवारी स्वीकार गर्दा लेखापरीक्षण गराउने निकाय र कार्यसँग लेखापरीक्षकको नैतिक आचरणमा आँच आउनसक्ने अवस्था, जस्तै आफूले गरेको काम आफैंले परीक्षण गर्ने जोखिमलाइ विचार गर्नुपर्ने मान्यता छ । यस्तो जोखिम कायम रहेको अवस्थामा लेखापरीक्षणको नतिजा विश्वसनीय नहुने सम्भावना रहेको उनको भनाइ छ । संसदीय सुनुवाइ समितिले स्वार्थको द्वन्द्व नहुने, लेखापरीक्षणको स्वतन्त्रता कायम रहने र सुशासनमा सघाउ पुग्ने अवस्था सुनिश्चित गरोस् भनी टिआई नेपालले गम्भीर ध्यानाकर्षण गराएको छ ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२२ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस संस्थासंग कर्जा लिदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागि निजलाई पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसंग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण बक्यौता रकम (सावाँ ब्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला । अन्यथा कर्जा लिदां संस्थालाई धितो लेखिदिएको तपशिलको अचल सम्पति सहकारी ऐन २०७४ बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरि कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पति बाट लेना बाँकी रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणी :- रेणुका राय बस्नेत**<br>पतिको नाम : गोकर्ण बस्नेत<br>ससुराको नाम : नारायण बहादुर बस्नेत<br>बाबुको नाम : दल बहादुर राय<br>ठेगाना : सोताङ्ग गा.वि.स. २, सोलुखुम्बु<br>नागरिकता नं. : १००६/३८२<br>जारी जिल्ला : जि.प्र.का सोलुखुम्बु | **१) नाम :- गोकर्ण बस्नेत**<br>बाबुको नाम : नारायण बहादुर बस्नेत<br>बाजेको नाम : कृष्ण बहादुर बस्नेत<br>ठेगाना : सोताङ गा.वि.स. २, सोलुखुम्बु<br>नागरिकता नं. : ११३००६/४३१<br>जारी जिल्ला : जि.प्र.का सोलुखुम्बु |




**धितोको विवरण**

रेणुका राय बस्नेत र गोकर्ण बस्नेतको संयुक्त नाममा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा.(डिल्लीबजार) वडा नं. ३५ कि.नं. २३६ को क्षेत्रफल १८६.८० ब.मि. घरजग्गा लिगलगापात समेत पुरा।

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.
नयाँ बानेश्वर, काठमाडौं
फोन नं: ०१-४७९०९८५, ४७९६३२७
Email:info@jyotipunja.coop.np,
URL: www.jyotipunja.coop.np



## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१२/२२ गते प्रभाव दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, चितवन मा दर्ता कायम रहेको चितवन जिल्ला, गीतानगर वडा नं.४ क स्थित कित्ता नं. २२०७ को क्षेत्रफल ०-८-१०-०, (वि.क.धु.क)को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, चितवन मा दर्ता कायम रहेको चितवन जिल्ला, गीतानगर वडा नं.६ ख स्थित कित्ता नं. ११७१ को क्षेत्रफल ०-४-८.२५-०, (वि.क.धु.क) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, सिसवार वडा नं. ५ क स्थित कित्ता नं. ३३८ को क्षेत्रफल ०-६-७-०, (वि.क.धु.क) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
४. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, सिसवार वडा नं. ५ घ स्थित कित्ता नं. ६८०, ६८३, ६७७, ६७४, ६७१ को क्षेत्रफल क्रमश ०-०-१४.५०-०, ०-०-३.७५-०, ०-०-१२-०, ०-०-११-०, ०-०-१८.७५-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० चैत २८ गते** सम्म कुमारी बैंक लि.को शाखा कार्यालय नारायणगढ, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को शाखा कार्यालय नारायणगढ, चितवनबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाके अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत २९ गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यालय नारायणगढ, चितवनमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुनः थप निगोशियसन गर्ने वा लिलाम प्रक्र्यानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अन्तरगत कर्जा असुली विभाग बागबजार काठमाण्डौंमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८० चैत २९ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नारायणगढ, चितवन फोन नं. ०५६-५९५२४१



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१२/२२

यस कम्पनीको मिति २०८०/१२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बरिगंज मेघा कलेज प्रा.लि. (प्रा.लि. नं. २३८८४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ममता विद्या मन्दिर कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/२२

यस कम्पनीको मिति २०८०/१२/१० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **होटल बुलबुले भ्यू टु प्रा.लि. (प्रा.लि. नं. २३५१६४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **होटल मेघा हेरिटेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/०९/१८ मा दर्ता भएको प्रा.लि.नं. ७९०४० को **गल्फा इम्प्लाइमेन्ट सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/०७ मा दर्ता भएको **प्रा.लि. नं. १४४२००** को **म्याजिकल ट्राभल्स एण्ड ट्रेक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

## ३५ दिने सार्वजनिक सूचना

श्री जि. स. गा.वि.स बग्दह वडा नं. १ हाल गोडैता न.पा./गा.पा. वडा नं. ९ मा बस्ने **पुरण महत्तो कोइरी**लाइ हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. रौतहत गा.वि.स. धर्मपुर वडा नं. ५ मा बस्ने जगदेव राय यादवको छोरा राम पुकार रायको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स वग्दह वडा नं. २क कि.नं. ४७३ को ज.वि. ०-९-८ जग्गाको मोही महलमा रहेको पुरण महतो कोइरीको नामका भगुवा/मरूवा/मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/१२/१८ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYAR FOR CARPENTRY WORKS.

पुर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 303015 | चलानी नं. ६०२१७८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 155 | ६७,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 20 | 0 | 120 | ५२,०४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NBR Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
Namo Buddha Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN KAPITAN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०३ | पून विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 291264 | चलानी नं. ६०१९६६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 7 | 0 | 1500 | ४२,१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.
श्रम इजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HELPING DESK TRADING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No.287971 | चलानी नं.: ६०२०३३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 0 | 1 | 1000 | ३६,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 20 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 3 | Supervisor | 0 | 3 | 3500 | १२७,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Red Panda International Overseas Pvt. Ltd.
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIRAT FOOD

पुर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 302975 | चलानी नं.६०२१७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 30 | 0 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TURFAT AL-ASALA FOOD SRVICES EST

पुर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 302906 | चलानी नं.६०२१७८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एनआरएनएले सिक्नुपर्ने पाठ

नेपालीको रगत रगतमै राजनीति भिजेको हुन्छ भन्ने कुरा विदेशिएको नेपालीलाई हेरे पुग्छ । विद्यार्थी हुँदा विद्यालयमा होस् या टोलमा खानेपानी समितिमा बस्दा राजनीति सिकेकै हुन्छन् । नानीदेखि लागेको बानी विदेशमा पुगेर कसरी कार्यान्वयनमा ल्याउने ? एक त युएई, साउदी, कतारजस्ता देशमा खुला रूपमा राजनीतिक गतिविधि गर्नै अवैध छ ।

अर्को अमेरिका र बेलायतजस्ता देशमा पनि नेपालीलाई खुला रूपमा राजनीति गर्ने समय हुँदैन । यही पीडा पोख्ने थलोका रूपमा गैरआवासीय नेपालीले एउटा मञ्च बनाए । त्यसको नाम राखियो गैरआवासीय नेपाली संघ–एनआरएनए। यही एनआरएनए दसैंको अवसरमा नेपाल भ्रमण पनि हुने, टीका लगाउन पनि पाउने र चुनावमा पनि भाग लिन पाउने आशमा 'भ्याकेसन' मनाउन आइपुग्छन् । चुनावका नाममा होहल्ला गर्दै भाँडभैलो मच्चाउछन् ।

कुनैबेला नेपाली राजनीतिका नेताहरूलाई समेत राजनीति कसरी गर्ने भनेर सिकाउन खोज्ने एनआरएनए अहिले भने थङथिलो बन्दै गएको छ । कारण हो चरम राजनीतिकरण । जसलाई पनि अध्यक्ष पद चाहिने । तर नेपाली राजनीतिको दुत्कार्न भ्याउने । यही एनआरएनएको १०औं महाधिवेशन यस्तो रोचक रह्यो कि, तीन–तीन जना अध्यक्ष बनाएर जग हँसाउने काम गऱ्यो । हुन त यस्तो राजनीति नेपालका साना दलमा पनि अक्कलझुक्कल देखिने गर्छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले यो अभ्यास गरेकै हो ।

जसका कारण राप्रपाको साइज अहिले देखिएकै छ । त्यस्तै हविगतमा पुगेको छ एनआरएनए पनि । पछिल्लो महाधिवेशनले विधानविपरीत कुल आचार्य, बद्री केसी र रविना थापा एकैचोटि अध्यक्ष बनाएको घटना र ११औं महाधिवेशनमा मतगणनामै घोटाला भएपछि दुवै कार्यसमितिलाई सर्वोच्च अदालतले बदर गरिदिएको छ । अझ एनआरएनए ललिता निवासको जग्गामा बनेको भवनमा ढुक्कसँग बसिरहेकै छ । यिनै एनआरएनए अभियन्ताहरूले नेपाली राजनीतिलाई दुत्कार्दै 'नो नट अगेन' अभियानसमेत चलाए । आफू भने मुतको न्यानोमा बसेर एनआरएनए अभियन्ताहरूले कलहको राजनीति गर्न छाडेन ।

एनआरएनएको विधिविधानलाई नेपाल सरकारको मन्त्रालयले पनि साथ दिएकै थियो । यस्तो अवस्थामा सर्वोच्चले एनआरएनए बन्धुहरूलाई सबक सिकाइदिएको छ । अब छ महिनामा एनआरएनले अर्को नेतृत्व चयन गर्नुपर्ने हुन्छ। तर एनआरएनएलाई चुनावी ह्याङओभरले छाड्ने देखिन्न । नसानसामा लागेको राजनीति जुनसुकै बेला तरंगित हुन सक्छ । तर धूमपान हानिकारक छ भनेर कक्षामा पढाउने शिक्षकले बाहिर निस्केर चुरोटको सर्को तानेझैं त गर्न भएन है !

## मनन्योग्य

### चाणक्य नीति

झोपडीका वरपर कुश उम्रिएको थियो । एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे । त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए ।

यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो । विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए ।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

क्रमशः

# क्यान्सरको भय, भ्रम र निदान



▶▶ डा. प्रकाश बुढाथोकी

अर्बुदरोग हुने सम्भावना बढाउनेमा रासायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लास्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थजस्तैः धूमपान, खैनी, बिडीको सेवन र मादकपदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेटजस्ता विकीरण पनि यसका कारण हुन सक्छन् ।

गुल्मी-तम्घास घर भएका रामकृष्ण देब्रे घाँटीमा घाडो आएपछि क्यान्सर नै भयो भनी अत्तालिएर सेटेलाइट क्लिनिकको राजधानी मानिने बुटवलमा र त्यसपछि भरतपुर पुगी एफएनएसी तथा वायोप्सी नै गराए । जहाँ उनीजस्तै गाडो, गठखलो र पिलो भएका थुप्रै बिरामी थिए । मुखबाट रगत र पिप लगातार बहँदा तथा गाउँघरका मानिसले थरिथरिका भयानक कथा सुनाउँदा पनि केही नलागेका रोल्पा थवाङका तेमन बुढा स्वास्थ्य शिविरमा आएका थिए । न यस समस्याले दुःख दिएको छ, न खाना नै मागेको छ, किन पैसाको कुटुरो बोकी चिकित्सकलाई बुझाउने भनी प्रतिवाद गर्दै थिए ।

क्यान्सर सानो उमेरमा हुँदैन, स्तन क्यान्सर महिलालाई मात्र हुन्छ, गिर्खा देखिनेबित्तिकै क्यान्सर हो, म्यामोग्रामले दुख्छ, क्यान्सर भएपछि मरिन्छ, केमोले झन असर गर्छ, क्यान्सर सरुवा रोग हो भन्नेजस्ता भनाइ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै स्वास्थ्य शिविरहरूमा सुन्न पाइन्छ । अन्तर्राष्ट्रिय क्यान्सर नियन्त्रणका लागि युनियन (युआइसिसी) का अनुसार क्यान्सरबाट बर्सेनि ७० लाख जना मर्ने गरेका छन् भने एक करोड १० लाख जना नयाँ क्यान्सरका बिरामी देखा पर्दछन् । मुटु तथा नशा रोगपछि मानिसको ज्यान लिने दोस्रो भयानक रोग पनि हो । यो क्रम जारी रहे बर्सेनि एक करोडभन्दा बढीको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ । वर्तमान विश्वमा हुने कूल मृत्युमध्ये १३ प्रतिशत कारक तत्त्व क्यान्सर हो र करिब ९० प्रतिशत क्यान्सर खानपिन, रहनसहन, वातावरण, जीवनशैली आदिको कारणले र १० प्रतिशत शरीरको आन्तरिक कारणले हुने गर्दछ । विश्व स्वास्थ्य संगठनअनुसार विश्वमा प्रतिवर्ष ६० लाखभन्दा बढी, नेपालमा २५-३० हजार मानिस यस रोगबाट पीडित हुने गरेका छन्, जसमा आधाभन्दा बढी महिला नै पर्दछन् । नेपालमा प्रत्येक एक लाख जनसंख्यामा १०० देखि १२० जना नयाँ क्यान्सरका रोगीहरू प्रत्येक वर्ष थपिने र करिब ७५ हजार क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ । एकातिर यस्तो भयावह स्थिति छ भने अर्कोतिर क्यान्सर बनाउन सक्ने कारणहरू विगतका दशकमा १२ सय गुणाले उत्पादन तथा प्रचारप्रसारमा वृद्धि भएको तथ्यांकले हामी स्वास्थ्यकर्मी मात्र हैन, स्वास्थ्यप्रति सचेत जनता र राष्ट्रलाई नै चिन्ताको विषय बनाएको छ ।

### क्यान्सर के हो ?

शरीरको अंगप्रत्यंगका कोषहरू वा कोषिकाहरू अनियन्त्रित र असामजस्य रूपमा अस्वाभाविक आकार र संख्यामा वृद्धि भएर शरीरलाई प्रतिकूल असर पार्ने, नसर्ने रोगहरूमध्येको सबैभन्दा डरलाग्दो र प्राणघातक रोग क्यान्सर हो । क्यान्सरले आफू नजिकका तन्तुहरूलाई असर पार्नुका साथै शरीरमा एक स्थानबाट अर्को स्थानमा तन्तुमा रगत, लिम्फ आदिबाट सर्न वा असर पार्न सक्दछ । तर एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन । अर्बुदरोग उपचार गर्न सकिने एक दुःख हो जुन पुरुषमा प्रायःजसोको उपचार हुन्छ र महिलामा झन् सुरुमै पत्ता लगाउन सकिन्छ ।

### किन क्यान्सर हुन्छ ?

अर्बुदरोग हुने सम्भावना निश्चितरूपले बढाउनेमा रासायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लास्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थ; जस्तैः धूमपान, खैनी, बिडीको सेवन र मादकपदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेटजस्ता विकीरण पनि यसका कारण हुन सक्छन् । इबिभी, एचपिभी, एचएसभी-१, सिएमआई, भारिसेला जुस्टरजस्ता भाइरसको प्रवेश तथा भिटामिन ए, ई र सी, खनिज तत्त्व, फलाम, जस्ता, तामा र म्यागनिजजस्ता पोषणको कमी, असुरक्षित यौन व्यवहार एवं हर्मोन र स्ट्रोजेन र टिएसएचका कारण पनि क्यान्सर हुन सक्दछ । कतिपय व्यक्तिमा उमेर पाको हुँदै जाँदा र वंशानुगत आधारमा पनि यो रोग भएको पाइन्छ ।

आमाबाबु दुवै या एकमा क्यान्सर भएमा सन्तानमा हुनसक्छ । जस्तैः आँखामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र स्तनक्यान्सर हरेक व्यक्तिले आफ्नो आहार-विहारमा परिवर्तन गरेमा ४० प्रतिशत क्यान्सर रोक्न सकिन्छ । धूमपान वा सुर्तीसेवन फोक्सो र शरीरका अन्य भागमा क्यान्सर बनाउने मुख्य कारण हो । आधुनिक जीवनशैली, रेस्टुरेन्टको विकास तथा पाश्चात्य परम्पराको नक्कलले गर्दा विभिन्न किसिमका सेकुवा तथा मदिराको प्रयोगमा बढोत्तरी भएको छ। पोलेको मासुमा नाइट्रोसमाइन रसायन हुने भएकाले मद्यपानसँगै खाँदा मुख, खाद्यनलीको क्यान्सर हुन सक्छ । रक्सीको साथ चिनियाँ बदम खानेलाई कोलन (दिशानली) र कलेजोको क्यान्सर हुन सक्छ । त्यसैगरी गाडीको टायर बाल्दा उत्पन्न हुने धुवाँमा डाइअक्सिन हुने भएकाले क्यान्सर हुन सक्छ। पुरुषको लिंगमा जम्मा हुने सेतो पद्धार्थले क्यान्सर गराउन सक्ने भएकाले प्रत्येक पुरुष तथा महिलाले लिंग र योनी सधैं सफा राख्नुपर्दछ । सफा नराख्दा लिंग र पाठेघरको क्यान्सर हुने जोखिम उच्च रहन्छ ।

### लक्षणहरू के-के हुन् त ?

क्यान्सर बालबालिकादेखि वृद्धसम्म सबैलाई लाग्न सक्छ । तर पनि जति उमेर बढ्दै गयो त्यति नै क्यान्सर लाग्ने सम्भावना बढ्दै जान्छ। तर क्यान्सरको प्रकृति र किसिममा भने भिन्नताहरू हुन्छन् । नेपालमा देखिएका क्यान्सरहरूमा पुरुषमा मुख तथा घाँटीको, फोक्सोको र ठूलो आन्द्राको सबैभन्दा बढी पर्दछ भने स्त्रीमा पाठेघरको मुखको, स्तन र फोक्सोको क्यान्सर तथा बालबालिकामा रगत र आँखासम्बन्धी क्यान्सर बढी देखिएको छ । सरकारी आँकडा हेर्दा पुरुषमा फोक्सोको, महिलामा स्तनको र बालबालिकामा रगतको क्यान्सर प्रमुख पाइन्छ ।

सुरुका आठ लक्षणहरूमा विनाकारण वजन घट्न जाने, अपच वा खाना निल्न गाह्रो हुने, दिशा वा पिसावको बानीमा फरक पर्न जाने, असाधारण रक्तश्राव वा पिप आउने र उपचारबाट पनि पुरानो घाउ निको नहुने हुन्छ । त्यस्तै हतपत निको नहुने खोकी वा घोक्रो स्वर भएमा, कोठीको रङ र आकारमा परिवर्तन देखापरेमा र स्तन वा शरीरका अन्य भागमा दुख्ने वा नदुख्ने गिर्खा आएमा पनि क्यान्सरको लक्षण मान्न सकिन्छ। यस रोगमा अंगअनुसार लक्षणहरू पनि फरक-फरक देखिने गर्दछ । क्यान्सर लागिसकेपछि व्यक्ति दुब्लो, पातलो, कमजोर हुँदै जाने, भोक नलाग्ने, रक्तअल्पत्ता हुने र प्यारानियोब्लस्टिक सिन्ड्रोम हुँदै सिकिस्त हुन्छ र अन्त्यमा मृत्यु हुन्छ ।

### निदान कसरी गर्न सकिन्छ ?

बिरामीको इतिहास सविस्तार जाँच गरेर, रगत, दिशा, पिसाबको परीक्षण गरेर, सियोले गिर्खाबाट पानी झिकी परीक्षण गरेर (एफएनएसी) तन्तु वा कोषको बायोप्सी गरेर, साधारण तथा स्पेसल एक्सरे अल्ट्रासोनोग्राम, सिटी स्क्यान, एमआरआई र इन्डोसकपिक जाँच गरेर क्यान्सरको निदान गर्न सकिन्छ। क्यान्सरको स्टेजअनुसार उपचार फरक पर्ने भएकाले क्यान्सरको स्टेजिङ गर्ने गरिन्छ । पहिलो र दोस्रो स्टेजको क्यान्सरलाई सुरुको अवस्था तथा तेस्रो र चौथो स्टेजलाई जटिल अवस्था मानिन्छ । पहिलो स्टेजमा रोग उत्पन्न भएकै ठाउँमा सानो रूपमा दोस्रो र तेस्रो स्टेजमा सोही ठाउँमै ठूलो र जटिल रूपमा रहेको तथा चौथो स्टेजमा रोग अन्य भागमा सरेको अवस्था वा मेटास्टासिस हो ।

### उपचार के हुन सक्छ ?

कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ । यदि सुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार सुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकामा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ ।

सोलिड ट्यूमरको उपचारमा शल्यक्रिया विकीरण र केमोथेरापिको प्रयोग गरिन्छ भने रगतसम्बन्धी क्यान्सरमा मुख्यतया केमोथेरापी र केहीमा विकीरणको प्रयोग गरिन्छ । निदानमा धेरै समय लाग्ने उपचारको क्रममा बारम्बार अस्पताल आउनु पर्ने, विभिन्न परीक्षणहरू बारम्बार गराउनुपर्ने, विकीरण तथा केमोथेरापीका कुप्रभाव, पार्श्व प्रभावले बिरामी तथा आफन्तमा नकारात्मक सोच ल्याउने भएकोले बिरामी स्वयं आफन्तहरू संलग्न चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूमा धैर्यताको आवश्यकता पर्दछ । क्यान्सरको उपचारमा कुन उपचार गर्दा बिरामीलाई अत्यधिक लाभ हुन्छ भनी निर्णय गर्न क्यान्सरसम्बन्धी विभिन्न विशेषज्ञहरूको आपसी सहकार्य अत्यन्त आवश्यक हुने भएकाले विशेषज्ञहरूको भेला ट्युमर बोर्ड गठन छ ।

क्यान्सर लागेको भागलाई चिरफार गरी निकाल्ने विधि शल्यक्रिया, कोषनाशक औषधिहरूको प्रयोगद्वारा गरिने उपचार विधि केमोथेरापी, विकीरणद्वारा क्यान्सर कोषहरू सेकी उपचार गर्ने विधि रेडियोथेरापी, कतिपय क्यान्सरको वृद्धि हुनुमा शरीरमा हर्मोनको उपस्थिति बढी हुनेमा उक्त हर्मोनको भाग हटाइदिएर वा हर्मोनको प्रयोगद्वारा उपचार गर्ने विधि हार्मोनथेरापी र क्यान्सर रोग रोक्न सक्ने क्षमतालाई वृद्धि गर्ने विधि इम्युनोथेरापी क्यान्सरको उपचारमा प्रयोग गरिन्छ ।

### क्यान्सरबाट कसरी बच्ने ?

हालसम्म प्राप्त ज्ञान, सीप र प्रविधिले एकतिहाइ क्यान्सर हुनुअगावै रोकथाम गर्न सकिने, अर्को एकतिहाइ समयमै पत्ता लगाइ उपचार गरी निको गर्न सकिने र बाँकी एकतिहाइलाई निको पार्न नसके पनि यस रोगबाट हुने पीडा कम गरी स्तरीय आयु लम्ब्याउन सकिन्छ । एक अध्ययनअनुसार महिलामा ६० प्रतिशत र पुरुषमा करिब ४० प्रतिशत क्यान्सरको कारक तत्त्व असन्तुलित भोजन नै हो । सुरुमा उपचार गरे क्यान्सर निको हुन्छ । तैपनि क्यान्सरबाट पाइने दुःख, हुने विकृति र विभिन्न समस्या तथा लाग्ने उपचार खर्चलाई सजिलैसँग नियन्त्रण गर्न सकिने भएकोले रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ ।

- चुरोट, बिडी, खैनी, पान, तम्बाखु र गुटखाजस्ता लागुपदार्थ तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने ।
- सडेगलेका, बासी, ढुसीपरेका, बेसी रंगाइएका, बुट्टाबुट्टी भएका र अखाद्य रङ मिसाइएका खानेकुरा नखाने ।
- बेसी पोलेको मासु, डढेका खानेकुरा र बढी तातो, चिसो, चिल्लो खाना नखाने, जाँडरक्सी सेवन नगर्ने वा थोरै मात्रा लिने,
- प्रत्येक दिन शारीरिक व्यायाम गर्ने ।
- स्वच्छ सफा, ताजा, हरियो सागपात, पहेँलो फलफूल, गेडागुडी, रेसाजन्य तथा पौष्टिक पदार्थ भएको शाकाहारी र सन्तुलित भोजन गर्ने (मासु खानै परे पनि सेतो मासु खाने) ।
- नक्कली र जथाभावी औषधिको प्रयोग नगर्ने, खाना खाइसकेपछि मुख सधैँ सफा राख्ने, वातावरणीय प्रदूषणबाट जोगिने ।
- धेरै जनासँग यौनसम्पर्क नराख्ने ।
- अनावश्यक मोटोपन घटाउने र नियमित शारीरिक व्यायम गर्ने, नून धेरै हालेको खाना कम खाने ।

अन्त्यमा, सन् २०२२ देखि २०२४ सम्म फेब्रुअरी ४ को 'नारा क्लोजिङ द ग्याप इन केयर' अर्थात् क्यान्सरको उपचारमा हुने असमानताको अन्त्य गरौं भन्दै मनाइँदै छ । स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्नेजस्ता व्यक्तिगत एवं वातावरणीय सरसफाइ, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ। त्यसैगरी सुरुकै अवस्थामा रोग पत्ता लगाइ उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्)*

## पत्र-मञ्जुषा

# राजस्व उठाउनेतर्फ केन्द्रित होस् अबको बजेट

पछिल्लो समय धेरै श्रमिकले पारिश्रमिक नपाएको अवस्था छ । निजी कम्पनी, संघसंस्थामा काम गर्नेहरूको वर्षौंदेखिको तलब बाँकी छ । सरकारले तोकेको तलब त छोडौं, कम्पनीले दिने भनेको न्यून तलब पनि दिएको छैन । जसले गर्दा काम गरेर खाने वर्ग मर्कामा परेका छन् ।

बिहान खाए, बेलुका के खाऊँको अवस्थामा छन्, सर्वसाधारण । तर, जनप्रतिनिधि, सरकारको बहालरत र भूपू कर्मचारीलाई यसले कुनै प्रभाव पारेको छैन । महिना नमर्दै सरकारले खातामा तलब हालिदिन्छ, अरू के चाहियो ?

व्यापार व्यवसायमा मन्दी देखिएको भन्दै निजी कम्पनी, पसलेहरूले तलब दिइरहेका छैनन् । जसले गर्दा कामदारहरू मर्कामा परेका छन् । काम छोडौं, अर्को ठाउँमा पाउन मुस्किल, पाइहाले पनि तलब नदिने । यता, आफूले काम गरेको तलब पनि छोड्नुपर्ने बाध्यता । आम सर्वसाधारण समस्यै समस्याले घेरिएका छन् ।

वास्तवमा भन्ने हो भने आम सर्वसाधारण कर तिर्नै नसक्ने अवस्थामा पुगिसकेका छन् । जसका कारण मुलुक विदेशी ऋणको दलदलमा फसेको छ । सरकार सस्तो लोकप्रियताको पछाडि लागेको छ । अनि कसरी मुलुक चल्छ ? राष्ट्रपति, प्रधानमन्त्रीलगायतले मासिक लाखौं रूपैयाँ तलब लिन्छन् ।

तर, तिनले कर तिरेका छैनन् । तलबबाट २० प्रतिशत कर काट्ने निर्णय गरौं । बहालरत होस् या भूपू कर्मचारीको तलबबाट पनि कर काटौं । ज्येष्ठ नागरिक, एकल महिला, बिरामीहरूले पाउने भत्ताबाट पनि कर लिने निर्णय गर्नुपर्छ । यता, निजी कार्यालयमा काम गर्नेहरूको तलब पनि बैंक खातामार्फत मात्र दिने नीति ल्याउनुपर्छ ।

यहाँ त लिनेमात्रै भए, अनि सरकारी खर्च कसरी धान्छ ? सरकारले यो निर्णय गर्ने हो भने राज्यको ढुकुटीमा राजस्व पनि आउँछ, यता कामदारहरूले मासिक तलब पनि पाउँछन् । अन्य मुलुकले सबै क्षेत्रबाट कर उठाइरहेका छन् । त्यही भएर त्यहाँ विकास भइरहेको छ । यहाँ त सस्तो लोकप्रियता कमाउने खेल रचिएको छ ।

अनि कसरी देश बन्छ ? हरेकले कर तिर्नुपर्छ । राष्ट्रपतिदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म खाने, तर दिने कोही छैन । विभिन्न निकायमा हजारौं करारका कर्मचारी कार्यरत छन् । तिनले पनि कर तिर्दैनन् । सरकारले महिनाको सुरुमै होइन, महिना मरेपछि मात्रै तलब र पेन्सन दिनुपर्छ ।

त्यो पैसा बैंकमा लगेर राख्यो भने सरकारलाई ब्याज त आउँछ । तलब बुझ्नेहरूलाई फाइदा भएको होला तर राज्यलाई त ठूलो क्षति भइरहेको छ । राज्य सञ्चालकहरू लोभी भए । आफूलाई कसरी फाइदा हुन्छ भन्नेतर्फ उनीहरू लागे । आफ्नो हकहितमा कानुन बनाएका छन्, देश र जनता जाओस् 'भाड' मा ।

जसरी हुन्छ, आफूलाई फाइदा गराउनेमै उनीहरूको ध्यान केन्द्रित छ। सरकारले हरेक बजेट भाषणमा सरकारी कर्मचारीको तलब र सेवासुविधा बढाउँछ। करचाहिँ उठेको छैन अनि तलबभत्ता र सेवासुविधा मात्रै बढाइरहने ? सरकारले अबको बजेट भाषणमा कर उठाउने स्रोतचाहिँ खोजोस् । अबको बजेट भाषण कर उठाउनेतिर केन्द्रित होस् नकि विदेशी ऋण लिनेतर्फ ।

**– रामकुमार कार्की**
**सोह्रखुट्टे, काठमाडौं**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ट्वटे पूजा** | तनहुँको दमौलीस्थित तमु सुधार समाजद्वारा किट र दर्शन ढुंगाको थालीसहित दमौलीमा ट्वटे पूजा (महायज्ञ) गरिँदै । *तस्बिरः पूर्ण विके/रासस*

# विपद्‌मा खोज र उद्धारका लागि दस्ता तयार

**भक्तपुर–** बाढीपहिरो होस् वा आगलागी, भूकम्प होस् वा दुर्घटना जस्तोसुकै विपद्‌मा पनि तालिम प्राप्त खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार टोली नहुँदा कैयौंले अकालमा ज्यान गुमाउनुपर्ने हुन्छ । अचानक आउने त्यस्ता विपद्‌का घट्‌नामा तत्कालै खोज, उद्धार तथा प्राथमिक उपचार टोली परिचालन हुँदा कैयौं पीडितलाई अकालमा ज्यान जानबाट बचाउन सकिन्छ ।

यसैलाई मध्यनजर गर्दै चाँगुनारायण नगरपालिकाले नगरभित्र हुनसक्ने विपद्‌मा तत्कालै तालिम प्राप्त दक्ष जनशक्ति घटनास्थल पुगेर खोज, उद्धार तथा प्राथमिक उपचार दिनसक्ने गरी ३० जना महिलासहित ८१ जनाको खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार गर्ने दक्ष स्वयंसेवक उद्धारकर्ताको दस्ता तयार पारेको छ । जुनसुकै बेलामा आइपर्ने जस्तोसुकै विपद्‌मा पनि खोज तथा उद्धार गर्ने र विपद प्रतिकार्यका लागि आवश्यक तालिम प्राप्त जनशक्ति तयार पार्ने उद्देश्यले उनीहरूलाई १० दिने तालिम प्रदान गरिएको नगरप्रमुख जीवन खत्रीले जानकारी दिए ।

नगरपालिकाले प्रत्येक वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको थियो । सोहीअनुसार प्रतिकार्यका लागि विभिन्न तीन समूह एवं चरणमा तालिम प्राप्त उद्धारकर्तालाई निर्देशनसमेत दिइएको छ । अहिले तालिम लिएकामध्येबाटै छनोट गरी कम्तीमा २५ जनालाई सशस्त्र प्रहरी बलसँगको सहकार्यमा अग्रवर्ती प्रशिक्षणमा सहभागी गराइ थप दक्ष बनाइने नगर प्रमुख खत्रीले बताए । विपद्‌मा खटिने स्वयंसेवकका लागि नगरपालिकाले न्यूनतम सुविधा उपलब्ध गराउने र निःशुल्क बिमा गराइने छ ।

चाँगुनारायण नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक सोमप्रसाद प्रधानले आगामी दिनमा थप प्रशिक्षण सञ्चालन गरी प्रत्येक टोलमा उद्धारकर्ता तयार गरिने जानकारी दिँदै अहिले आगलागी तथा वन डढेलोका घटना रोक्न तालिम प्राप्त जनशक्ति अग्रसर हुनुपर्ने बताए ।

नगरपालिकाले दस्तालाई १० दिने तालिममा विपद् व्यवस्थापनका क्षेत्रमा गरेका प्रगति र प्रयास, खोज तथा उद्धारको परिचय, खतराको प्रकार र यसका विशेषता, खोज तथा उद्धारको संरचना र टोली निर्माण, खोज तथा उद्धारका उपकरण सुरक्षित र सुरक्षाबारे जानकारी दिइएको थियो ।

साथै घटना आदेश प्रणाली, आधारभूत खोज विधि, सञ्चार, समन्वय र प्रतिवेदन, आगोजन्य आपत्‌काल, उद्धारमा डोरीको प्रयोग अभ्यास, बाढीपहिरो र भूकम्पको अवस्थामा बाहिर निकाल्ने तरिका अभ्यास पनि गराइएको थयो । तालिममा, प्राथमिक उपचार परिचय, उद्देश्य र सिद्धान्त, प्राथमिक उपचारका चार चरण, श्वासप्रश्वास समस्या (सिपिआर), रक्तश्रावको प्राथमिक उपचार, भूइँचालो जाँदा गर्नुपर्ने उद्धार र प्राथमिक उपचार, घाइतेको ओसारपसारजस्ता विषयमा सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराइएको संयोजक एवं नगरपालिकाका विपद्‌विज्ञ दिनेश थापाले जानकारी दिए । *रासस*

# इलाम–२ मा मुख्य निर्वाचन अधिकृत तोकियो

**इलाम (प्रस)–** प्रतिनिधिसभा सदस्य चयन गर्न आगामी वैशाख १५ गते हुने इलाम क्षेत्र-२ को उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत तोकिएको छ । निर्वाचन आयोगले जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई मंगलबार मुख्य निर्वाचन अधिकृत तोकेको हो ।

यही चैत २२ मा इलाम सदरमुकाममा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनासँग अन्तिम मतदाता नामावली प्रकाशन हुने छ । उपनिर्वाचन कार्यतालिकाअनुसार चैत २४ मा उम्मेदवारी मनोनयन हुने छ । उपनिर्वाचन भाग लिन आयोगमा २० दल दर्ता भएका छन् । निर्वाचनका लागि केन्द्रबाट आवश्यक सामग्री चैत २३ सम्ममा आइपुग्ने उक्त कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालयले निर्वाचनमा खटिने कर्मचारीको नामावली संकलन गरिसकेको छ । इलाम-२ मा ७९ मतदानस्थल र १४९ मतदान केन्द्र रहने छन् । यी केन्द्रमा ८९४ जना कर्मचारी परिचालन हुने छन् । निर्वाचन आयोगका अनुसार चैत २७ मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिने छ ।


## ZERO COST RECRUITMENT OPPORTUNITY FOR OMAN!!!
## शुन्य लागत अन्तर्गत ओमनमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SHINY EMERALD STONE FOUNDATION TRADING, OMAN
कम्पनी : साइनी एमेरल्ड स्टोन फाउन्डेशन ट्रेडिङ, अमान

Pre Approval Date : 2024-04-03 | पूर्व स्वीकृति मिति : २०८०/१२/२१ | LT. No.303000 | एल टि न. ३०३००० | चलानी नं. ६०२१७८१८ | Invoice No. 60217818

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 170 | ५८,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Stylist | 0 | 2 | 170 | ५८,८१५ | | | | | | | |

The interview will be conducted in the office on 11th Apr , 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र २९ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने | Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने | How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmationfirm that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SCENIC AGRICULTURE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 266316 | चलानी नं. ६०१८३४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 40 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : XIALI GLASS INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 265597 | चलानी नं. ६०१८१७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WINNER SKY TECHNOLOGY MALAYSIA SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 283251 | चलानी नं. ६०१९८९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 0 | 60 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE JAPAN ASSOCIATION
पुर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 302978 | चलानी नं. ६०२१७८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 2 | 0 | 200,000 | १,७५,५३० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

कम्पनी : THE JAPAN ASSOCIATION
पुर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 302984 | चलानी नं. ६०२१७८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 178,266 | १,५६,४५५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः ५०,०००

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

SATYAWATI OVERSEAS CONCERN PVT. LTD.
श्रम ईजाजत नं. ५०/०५१/०५२
Swoyambhu-15,Halchok, Ring Road, Kathmandu, Nepal, Tel: 01-5383068
E-mail: satyawaticoncern@gmail.com, info@satyawatioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHDAM GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/१२/२० | LT. No. 302908 | चलानी नं. ६०२१७८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIMITLESS ENGINEERING LLC
पूर्व स्वीकृति मिति २०८०/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ | LT. No. 290889 | चलानी नं.६०२०६११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 3 | 0 | 1200 | ४३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 1200 | ४३,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np
Contact: (For Kathmandu) 9801064154,9808658844,9828816646
Contact: (For Jhapa) 023590343,9842716845,9815933303

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN PALACE CONTRACTING & MAINTENANCE LLC
पूर्व स्वीकृति मिति २०८०/१२/२१ | LT. No 302967 | चलानी नं. ६०२१७८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 10 | 0 | 1200 | ४३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 10 | 0 | 1200 | ४३,५१५ | | | | | | | |
| 3 | Helper | 30 | 0 | 900 | ३२,६३५ | | | | | | | |
| 4 | Mason | 10 | 0 | 1200 | ४३,५१५ | | | | | | | |
| 5 | Painter | 10 | 0 | 1200 | ४३,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतव्स्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR International Pvt. Ltd.
License No. : 1491/074/075
Maharajgunj, Kathmandu, Nepal, Tel : +977-01-4375699, 4375807,
Mob No. 9803033220, 9817946907, E-mail : hrinternational83@gmail.com

प्रभाव दैनिक

रूपशाला


### मिस्टर एण्ड मिस नेसनलमा ३० प्रतियोगी

मिस्टर एण्ड मिस नेशनल २०२४ का अन्तिम ३० जना प्रतियोगी घोषणा गरिएको छ । बुधबार कमलादीस्थित रोयल सिङ्गी होटलमा आयोतिज स्यास सेरेमोनी सेमी फाइनलिस्ट समर्वजनिक गरिएको हो । देशका विभिन्न स्थानमा सञ्चालन गरिएको अडिसनमार्फत यी प्रतिस्पर्धी छानिएको सनुर्वी इन्टरनेशनलका सञ्चालक तथा मिस्टर एण्ड नेशनलका राष्ट्रिय आयोजक डा. सन्तोष उपाध्यायले बताए । यसपटक मिस्टर एण्ट मिस नेशनल २०२४ मा प्रतियोगीहरुमा विद्यार्थी, खेलाडी, मोडल, चिकित्सकतगायतका रहेका छन् ।




बिहीबार २२, चैत २०८० (Thursday, April 4, 2024)


महाजात्रा हेरेपछि बाबुरामले भने,

# 'फिल्मको पुछारको सन्देश बढी घत पर्‍यो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले महाजात्रा चलचित्रको पुछारको सन्देश आफूलाई निजी रूपमा बढी घत परेको विषय भएको बताएका छन् । चलचित्र मनोरञ्जन, भावुकता र सामाजिक तथा राजनीतिक सन्देशको उचित संयोजन रहेको उत्कृष्ट प्रस्तुति रहेको उनको भनाई छ ।

'वैचारिक हिसाबले मानिस र समाजको भ्रष्ट र आपराधिक प्रवृत्तिलाई उपदेशबाट हैन उपयुक्त सङ्घर्षको माध्यमबाट वा "जस्तालाई तस्तै" को तरिकाले मात्र निस्तेज वा रूपान्तरण गर्न सकिन्छ भन्ने फिल्मको पुछारको सन्देश मलाई निजी रूपमा बढी घत परेको विषय हो,' उनले भने ।

प्रदीप भट्टराई लिखित/निर्देशित चलचित्रमा देशमा उच्च तहमा रहेको भ्रष्टाचार, समाजको अपराधिकरण, बेरोजगारीको दर्दनाक अवस्था, परिवारको विग्रह लगायतका विषयवस्तु वस्तुपरक र कलात्मक ढङ्गले प्रस्तुत गरिएको उनले सुनाए । 'सत्यनिष्ठामा रहन प्रयत्न गर्नेहरूका निजी र पारिवारिक पीडा निकै मार्मिक ढङ्गले उठाइएका छन्,' उनले भने, 'महिला पात्रहरूलाई सधैं पुरुषहरूको लाचार छायाको रूपमा उभ्याइने फिल्मी परम्परालाई तोड्दै उनीहरूको स्वायत्तता र सत्यनिष्ठामा जोड फिल्मको विशेष सबल पक्ष मान्नुपर्दछ।'

कलाकारहरूको अभिनय कौशल र एकसाथ हाँसो र रुवाइको सहज प्रस्तुति बेजोड रहेको उनले बताए। अघिल्लो खण्डलाई अलि छोट्याउन, प्रहरीको भूमिकालाई बढी संस्थागत गर्न सकेको भए सुनमा सुगन्ध हुने उनको सुझाव छ । 'आफ्नै देशका यस्ता रचनात्मक चलचित्रहरूलाई आर्थिक रूपले सबल पार्न र प्रोत्साहित गर्न हलमा पुगेर हेर्ने बानी जनस्तरबाट पनि बसाल्ने कि?,' भट्टराईले भनेका छन् ।

# सुरेशको 'सम्झनाको फोटोकपी' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** सुरेश राईको पहिलो कृति कवितासङ्ग्रह 'सम्झनाको फोटोकपी' सार्वजनिक भएको छ । कौशलटारस्थित साहित्यपोस्टको कार्यालयमा आयोजित एका कार्यक्रमका बिच कृतिको विमोचन गरिएको हो ।

राईकी हजुरआमा टीकाहीरा राई, बुवा बुद्धिराज राई, फुपू रत्नहीरा राई तथा साहित्यपोस्टका सम्पादक अश्विनी कोइरालालगायतले पुस्तकको विमोचन गरेका हुन् । कवि सुरेश भने हाल दक्षिण कोरियामा कार्यरत छन् ।

कार्यक्रममा राईकी दिदी सविता राई, बहिनी निशा थापा मगर, दाजु तेजकुमार राईलगायतले सङ्ग्रहबाट एक-एक थान कविता वाचन गर्नुका साथै सुरेशको लेखनप्रतिको झुकावमा बारेमा बोलेका पनि थिए । त्यस्तै, राईकी हजुरआमा, बुवा र फुपूले कवि राईको कृति सफलताका लागि आर्शीवाद व्यक्त गरेका थिए ।

साहित्यकार शरद् प्रधानले साहित्यपोस्टका नवपुस्ताका लेखक-साहित्यकारलाई पहिचान गरी प्रकाशन गर्दै आएको स्मरण गर्दै कवि राईलाई पुस्तकका लागि शुभकामना व्यक्त गरे ।

साहित्यपोस्ट प्रधानसम्पादक अश्विनी कोइरालाले राई कवि मात्र नभएर 'संस्कारित कवि' भएको उल्लेख गर्दै विमोचन समारोहको समापन गरेका थिए ।

कार्यक्रमको सञ्चालन कृष्ण ढुङ्गेलले गरेका थिए । पुस्तकलाई साहित्यपोस्टले प्रकाशनमा ल्याएको हो । ५३ शीर्षकका कविता सङ्गहित कृतिको मूल्य ३ सय ५० रुपियाँ रहेको छ ।

# सुटकेस रहस्यमा 'द रेड सुटकेस'को ट्रेलर

■ प्रभाव संवाददाता



**काठमाडौं–** यहि ३० चैतबाट रिलिज हुने चलचित्र 'द रेड सुटकेस'को सोमबार काठमाडौंमा एक समारोहबीच ट्रेलर रिलिज गरिएको छ । यो चलचित्र नयाँ वर्ष २०८१ को अबसर पारेर रिलिज गर्न लागिएको हो । निर्माण संस्था आईसफल प्रोडक्सनको 'आईसफल प्लस' युट्युब च्यानलबाट यसको ट्रेलर रिलिज गरिएको छ । सिनेमा हलमा भने शुक्रबारबाटै यो चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो ।

जर्मनीबाट भिजुअल एन्थ्रोप्लोजीमा विधावारिधी गरेका फिडेल देवकोटाले यो चलचित्र निर्देशन गरेका हुन् । देवकोटाले नै लेखेको द रेड सुटकेसको ट्रेलर कथा बाचन शैलीमा तयार गरिएको छ । टिजर जस्तै यो चलिचत्रको ट्रेलरमा पनि छायाँकन, ध्वनि र रङको गज्जब सम्मिश्रण देख्न सकिन्छ । चलचित्रका मुख्य कलाकार सौगात मल्ल, विपीन कार्की, प्रविण खतिवडा र सृष्टि श्रेष्ठलाई ट्रेलरमा समेटिएको छ ।

म्यास्टिक रियालिटी जनरामा निर्माण गरिएको यो चलचित्रको २ मिनट १० सेकेन्डका ट्रेलर एउटा रातो सुटकेशको वरिपरी घुमेको छ । ट्रेलर अनुसार एयरपोर्टबाट एउटा रातो सुटकेश लिएर अभिनेता सौगात मल्ल सिन्धुलीको गाउँतर्फ लाग्छन् । गाडी लिएर सौगात गाउँ जाँदा यात्रामा भेटिएका पात्र विपिन कार्की, सृष्टी श्रेष्ठको बार्ता र यात्रामा आईपर्ने घटनालाई ट्रेलरमा समेटिएको छ ।

त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल अघिबाट सुटकेश हराएको होकी गाडीमा लगिएको हो भन्ने रहस्य ट्रेलरमा रहेको छ । यात्रामा अभिनेता प्रविण खतिवडाले रातो सुटकेश लिएर सडक, जँगल तथा खोलामा हिडेको दृष्य आफैंमा अर्को रहस्य छ । यस्ता विविध रहस्य समेटेर यो चलचित्रको ट्रेलर ल्याईएको छ ।

टिजरको रिलिजबाटै चर्चामा रहेको यो चलचित्रको निर्माण टिमले ट्रेलर पनि चलचित्रको कथा र कथा वाचनको शैली प्रस्तुत गरेको छ । यो चलचित्रको बारे निर्देशक फिडेलले ट्रेलर रिलिज कार्यक्रममा भने,'हामीले मिथक शैलीमा नेपालको आप्रवासी परम्परा र नियतिलाई पृष्ठभूमिमा राखेर यो चलचित्रको कथा तयार गरेका छौं । अहिलेको बर्तमान समयको दस्ताबेजको रूपमा यो चलचित्रलाई निर्माण गरिएको छ ।'

चलचित्रमा सवारी चालकको भूमिका निर्वाह गरेको सौगात मल्लले ट्रेलर रिलिज समारोहमा बोल्दै नेपालीका युवाहरू बिदेशमा पलायन हुनु दुःखको कुरा भएको बताए,'चलचित्र द रेड सुटकेसमा काम गर्दै गर्दा मैले आफुसँग पढेको धेरै साथीहरूलाई सम्झिएँ । ती मध्य अधिकाँस साथीहरू अहिले बिदेशमा बैदेशिक रोजगारीमा भएको मैले पाएँ ।' यस्तै बैदेशिक रोजगारीमा जानेहरूको कथामा आफु यो चलचित्रमा जोडिएको सौगातले बताए ।

अर्का अभिनेता प्रविण खतिवडाले यो चलचित्रको छायाँकन पछि बैदेशिक रोजगारीबाट रातो बाक्सामा आएका चार जना आफन्तको शब आफुले जलाईसकेको बताए,'अहिले बैदेशिक रोजगारमा गएकाहरूको अबस्था बिकराल छ । चलचित्र द रेड सुटकेश हेरेपछि पनि हामीले मुलुकको वर्तमान युवाहरूको समस्यालाई अझ बुझ्ने छौं ।' प्रविणले यसमा आफ्नो भूमिका भने केही रहस्यमय भएको बताए ।

यस अघि अन्तराष्ट्रिय बृत्तमा अवार्ड जितेका चलचित्र ऐना झ्यालको पुतली, हल्कारा निर्माण गरेको रामकृष्ण पोखरेलले द रेड सुटकेशलाई दुर्लभ नेपाली चलचित्रको उपमा दिए,'भोली यस्ता चलचित्र फेरी निर्माण हुन नसक्ला । त्यही भएर यो दुर्लभ चलचित्र नेपाली दर्शकमाझ हामीले ल्याएका हौं ।' उनले भने,'विभिन्न अन्तराष्ट्रिय महोत्सबमा थुप्रै अवार्ड जितेको यो चलचित्रमा त्यस्तो के रहेछ भन्ने जिज्ञाँसा धेरैको रहेको छ । अब ३० चैतबाट यो चलचित्रले दर्शकको जिज्ञासा मेट्ने छ ।'

श्रीलँका र भातरमा प्राविधिक कार्य गरिएको यो चलचित्रको दृष्यसँगै ध्वानी निकै ससक्त रहेको छ । यो चलचित्रको सम्पादन श्रीलँकामा समन अलभितिगाले गरेका हुन् । चलचित्रको छायाँकार सुसन प्रजापति हुन् । यो चलचित्रको छायाँकनबारे सुसनले भने,'बिगतमा म चलचिककालागि सुन्दर देखिने दृष्यहरू बढी खिच्ने गर्थे । तर यसपटक यो चलचित्रमा निर्देशक फिडेलले सुन्दर हैन, नेपाली समाजको यथार्थ देखिने दृष्यको माग गरेपछि सिनेमामा हामीले नेपाली समाजलाई उतारेका छौं ।'

आइसफल प्रोडक्सनका लागि रामकृष्ण पोखरेलले निर्माण गरेको यो चलचित्रको बाँकी निर्मातामा फिडेल देवकोटा, शोभा थापा र सह निर्मातामा श्रीलंकाका विमुक्ति जयसुन्दरा रहेका छन् ।

गत वर्षको सेप्टेम्बरमा भेनिसमा वर्ल्ड प्रिमियर भएको यो चलचित्रले त्यही फेस्टिभलमा महत्वपूर्ण दुई अवार्ड जितेको थियो । चलचित्रले भेनिसमा फन्डापजियोनी फाई पर्सना लाभारो एम्बिएन्टेजमा अनरेबल मेन्सन अवार्ड पाएको थियो भने स्वतन्त्र समीक्षकहरूको संस्था बिसाटो डिओरोले डेब्यु फिल्म निर्देशकको रूपमा निर्देशक फिडेल देवकोटालाई बेस्ट फस्ट फिचर फिल्मको अवार्ड प्रदान गरेको थियो । त्यसयता चलचित्र संसारकै पुरानोमध्ये एक मानिने जर्मनीको म्यानहाइम हाइडेलवर्ग इन्टरनेसनल फिल्म फेस्टिभल, स्विजरल्यान्डको जुरिच फिल्म फेस्टिभल, भारतको मुम्बई फिल्म फेस्टिभल आदि फेस्टिभलमा प्रदर्शन गरिएको थियो । फिल्मले श्रीलंकामा सम्पन्न जाफ्ना इन्टरनेसनल सिनेमा फेस्टिभलमा पनि बेस्ट डेब्यु फिचर फिल्मको अवार्ड जितेको हो ।



राखेप वार्षिकोत्सव

# 'नेपाली खेलकुदको क्षेत्रमा केही नयाँ मानक स्थापित गर्नेछु'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली खेलकुदको क्षेत्रमा केही नयाँ मानक स्थापित गर्ने बताएका छन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को ६०औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, 'नेपाली खेलकुदको क्षेत्रमा केही नयाँ मानक स्थापित गर्ने मेरो विश्वास छ, परिषद्लाई नयाँ उचाइँमा उठाउँदै खेल क्षेत्रको विकास र खेलाडीको वृत्तिविकासमा समर्पित हुन थप प्रेरणा मिलोस् ।'

प्रधानमन्त्री दाहालले नेपालका लागि खेल क्षेत्र बहुआयामिक सम्भावनायुक्त क्षेत्र भएकाले यसको विकासमा सरकारले विशेष ध्यान दिने उल्लेख गर्दै यसबाट शारीरिक र मानसिक विकासका साथै देशको बहुआयामिक विकासमा सहयोग पुग्ने बताए ।

'यो एउटा यस्तो क्षेत्र हो, जहाँ खेल कूटनीतिमार्फत ठूलाठूला युद्ध र मानवसिर्जित विपत्तिहरू समाधान भएका छन्, ठूलठूला द्वन्द्व र सम्भावित नरसंहारहरू टरेका छन्', प्रधानमन्त्री दाहालले भने, 'खेल कूटनीतिमार्फत आपसी सहकार्य, विश्वास, विश्व एकता र पुनर्मिलनका आधार खडा भएका छन् । त्यसैले शारीरिक र मानसिक विकासका साथै अर्थतन्त्रको सुदृढीकरण, कूटनीतिक सन्तुलन र सहकार्य एवं देशको बहुआयमिक विकासका निम्ति यस क्षेत्रको भूमिका निर्णायक देखिँदै आएको छ ।'

आफ्नो कार्यकालमा खेलकुद, साहित्य-कला र प्रविधिको क्षेत्रलाई उच्च महत्व दिँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नेपाल सरकार खेल क्षेत्रसँग सम्बन्धित सम्पूर्ण नीतिको प्रभावकारी कार्यान्वयन गर्न, अपर्याप्त नीतिहरू निर्माण गर्न र संस्थागत एवं संरचनागत विकासका साथै क्षमता अभिवृद्धि गर्न प्रतिबद्ध रहेको स्पष्ट पारे ।

उनले भने, 'खेल क्षेत्रमा लगानी वृद्धि गर्ने, खेलाडीको आत्मस्वाभिमान, प्रोत्साहन, पुरस्कारका साथै वृत्तिविकासमा थप योगदान गर्ने, राज्यको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउन सरकार प्रयत्नशील रहनेछ ।'

पछिल्लो समय महिला खेलाडीले देशभित्र र बाहिर कीर्तिमान हासिल गरेको भन्दै प्रधानमन्त्री दाहालले यस्ता उपलब्धिबाट देशलाई प्रेरणा मिलेको बताए । उहाँले पछिल्लो समय राष्ट्रिय खेलकुद परिषद्ले ६१ वटा राष्ट्रिय सङ्घ निर्क्यौल गरेको बताए ।

युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले नेपाली खेलाडीलाई सम्मानस्वरूप पुरस्कार प्रदान गर्ने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी गराउँदै मन्त्रालयको बजेट बढाउनका लागि प्रधानमन्त्री दाहालसमक्ष आग्रह गरे । 'खेलकुद ऐनको संशोधन गर्ने तयारी भइरहेको छ, त्यसका लागि सहयोग गर्न म सबैमा आग्रह गर्दछु' उनले भने ।

राखेपका सदस्य सचिव टङ्कलाल घिसिङले समग्र खेल क्षेत्रको विकासका निम्ति सरकारले सो क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा परिषद्का उत्कृष्ट कर्मचारी, उत्कृष्ट खेलाडी र उत्कृष्ट सहयोगी संस्थालाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

### १८ जना सम्मानित

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को ६०औं वार्षिकोत्सवमा ५ खेलाडीसहित १८ जना बुधबार सम्मानित भएका छन्। भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा भएको कार्यक्रममा राखेपले विभिन्न ६ विधामा १८ जनालाई सम्मान गरेको हो ।

५ खेलाडी (१ पारासहित), समान १-१ प्रायोजक, स्थानीय तह र राष्ट्रिय खेल संघ, २ खेल पत्रकार तथा ८ कर्मचारी (२ करारसहित)लाई सम्मान गरियो । सिनिअरको पुरुषमा एथलेटिक्सका दीपक अधिकारी र महिलामा बक्सिङकी सुस्मा तामाङले सर्वोत्कृष्ट खेलाडी अवार्डको ट्रफीसहित समान १-१ लाख नगद पुरस्कार पाए । जुनिअरको पुरुषमा क्रिकेटका अर्जुन कुमाल र महिलामा पौडीकी डुवाना लामाले सर्वोत्कृष्ट खेलाडीको अवार्ड हात पारे। दुवैलाई जनही ५०-५० हजार रूपैयाँ र ट्रफी प्रदान गरियो ।

पारा एथलिट खेलाडीको अवार्ड पौडीका भीमबहादुर कुमालले जिते । खेल क्षेत्रमा उत्कृष्ट कार्य गरेबापत नवलपरासीको मध्यविन्दु नगरपालिकालाई उत्कृष्ट स्थानीय तह तथा नेपाल भलिबल संघलाई उत्कृष्ट राष्ट्रिय खेल संघका रूपमा पुरस्कृत गरियो ।

कर्मचारीको प्रशासनिकतर्फ नायब वरिष्ठ प्रशासकीय अधिकृत भोजानन्द राईले सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, नायब वरिष्ठ प्रशासकीय अधिकृत सुनिलकुमार दाहालले उत्कृष्ट परिषद् सेवा पुरस्कार र नायब वरिष्ठ प्रशासकीय अधिकृत शारदा दाहालले परिषद् सेवा पुरस्कार प्राप्त गरे । प्रशिक्षणतर्फ नायब वरिष्ठ कुस्ती प्रशिक्षक मुमताज अलि इद्रिसी सर्वोत्कृष्ट परिषद् सेवा पुरस्कार, क्रिकेट प्रशिक्षक मन्जुर आलम खान उत्कृष्ट परिषद् सेवा पुरस्कार र भलिबल प्रशिक्षक उमादेवी गुरुङ परिषद् सेवा पुरस्कारबाट पुरस्कृत भए ।

सर्वोत्कृष्ट, उत्कृष्ट र परिषद् सेवा पुरस्कारबाट पुरस्कृत हुनेले क्रमशः २५ हजार, १५ हजार र १० हजार नगदसहित पुरस्कारसहित ट्रफी पाए । कर्मचारीतर्फ नै इन्जिनियर सविन महर्जन तथा सहायक बक्सिङ प्रशिक्षक राज श्रेष्ठले करार सेवा पुरस्कार प्राप्त गरे । दुवैलाई जनही १० हजार नगदसहित ट्रफी प्रदान गरियो । खेल पत्रकार सम्मानबाट नेपाल टेलिभिजनका दुर्गानाथ सुवेदी (देवेन्द्र) र कान्तिपुर टेलिभिजनकी सविना कार्की सम्मानित भए ।

मैत्रीपूर्ण टी-२० शृंखला

# गुजरातलाई हराउँदै नेपाल एक खेल अघि नै फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं –** भारतको गुजरातलाई आठ रनले हराउँदै नेपाल 'एसएमएस फ्रेन्डसिप कप'को फाइनलमा प्रवेश गरेको छ । त्रिकोणात्मक मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा नेपालले लगातार तीन खेलमा जित निकाल्दै एक खेल अगावै फाइनलमा स्थान बनाएको हो ।

गुजरातको वापीस्थित साई मेघपन स्पोर्टस् लाइफ मैदानमा आज भएको लिगको चौथो खेलमा गुजरातले टस जितेपछि नेपालले पहिला ब्याटिङ गरेको थियो । नेपालले निर्धारित २० ओभरको खेलमा सात विकेटको क्षतिमा एक सय ८१ रन बनायो । एक सय ८२ रनको विजयी लक्ष्य पछ्याउने क्रममा गुजरातले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ७३ रन मात्र बनाउन सक्यो ।

पहिला ब्याटिङ गर्ने क्रममा नेपालको सुरुआत उत्कृष्ट रह्यो । दुवै ओनपरले पहिलो विकेटका लागि एक सय २५ रनको साझेदारी गरे । पहिलो विकेटका रूपमा नेपालले कुशल भुर्तेललाई गुमायो । उनले दुई छक्का र नौ चौकाको सहयोगमा ६७ रन बनाए । अर्का ओपनर मोहम्मद आशिफ शेखले ८५ रनको योगदान दिए । उनले ५१ बल खेल्ने क्रममा पाँच छक्का र १० चौका प्रहार गरे । अन्य ब्याटरले भने उल्लेख्य रन बनाउन सकेनन् ।

कप्तान रोहितकुमार पौडेलले तीन, सन्दीप जोराले दुई, कुशल मल्लले एक, गुलशन झाले चार, विवेक यादवले सात तथा प्रतीस जिसीले अविजित चार रन बनाए । बलिङतर्फ गुजरातका लागि जयमित पटेलले तीन तथा आर्या देसाइ र ध्रुशान्त सोनीले दुई दुई विकेट लिए ।

गुजरातका लागि एक सय ७३ रन बनाउने क्रममा उमङ्ग तन्डेलले ४७ रनको योगदान दिए । हर्ष देसाइले अविजित २९ रन बनाए । अभिषेक देसाइले २० तथा स्मित पटेलले १९ रन बनाए । बलिङतर्फ नेपालका लागि कुशल मल्ल र सोमपाल कामीले दुई दुई तथा विवेक यादवले एक विकेट लिए । नेपालले अर्को खेल शुक्रबार बरोडासँग खेल्नेछ ।

# राहुल गान्धीद्वारा वायनाडबाट उम्मेदवारी दर्ता



**नयाँदिल्ली–** भारतमा आगामी लोकसभाका लागि हुन लागेको आमनिर्वाचनका लागि विपक्षी नेता राहुल गान्धीले केरलाको वायनाडबाट उम्मेदवारी दर्ता गराएका छन् ।

उम्मेदवारी दर्ताका क्रममा गान्धीका हजारौं समर्थक उनकै साथमा निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए । गान्धी परिवारको लामो विरासत बोकेका ५३ वर्षीय राहुलको कांग्रेस आई पार्टी पछिल्ला दुई आमनिर्वाचनमा नराम्रोसँग पराजित भएको थियो ।

यसपटकको चुनावमा पनि भारतीय जनता पार्टीका तर्फबाट चुनावी मैदानमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीसामु कांग्रेस आई कमजोर रहेको सर्वेक्षणहरूले देखाएका छन् । मोदी विरोधी मोर्चाको नेतृत्व गरिरहेका राहुललाई यसपटक पनि बहुमत ल्याउनु फलामको च्यूरा चपाएसरह रहेको छ ।

तैपनि दक्षिणी राज्य केरलाको वायनाडमा उनको समर्थनमा धेरै मानिस उपस्थित भएका छन् । बहिनी प्रियंका गान्धीसहित वायनाड पुगेका राहुलले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूले आमजनतालाई आफ्नै परिवारसरह मान्ने गरेको बताएका थिए ।

वायनाडमा यो उनको दोस्रो उम्मेदवारी हो । उनी सन् २०१९ मा यही क्षेत्रबाट लोकसभा सांसदमा निर्वाचित भएका थिए । तर केही समयअघि उनले प्रधानमन्त्री मोदी लक्षित गलत टिप्पणी गरेको आरोपमा अदालतको आदेशबाटै सांसद पद गुमाउनु परेको थियो । भारतमा आगामी अप्रिल १९ बाट छ हप्ता लामो शृंखलाबद्ध चुनाव हुँदै छ जसमा झण्डै एक अर्बले मतदान गर्ने छन् । *रासस/एएफपी*

# 'गाजामा सक्रिय सहायताकर्मी मारिनु दुःखद'

**गाजा पट्टी–** इजरायली सेना प्रमुख हर्जी हालेभीले गाजामा इजरायली सेनाले गरेको हवाई हमलाबाट सात जना सहायताकर्मी मारिएको घटनाबाट आफू दुःखित भएको बताएका छ । सहायताकर्मीको मृत्यु भएकाप्रति अन्तर्राष्ट्रिय समुदायले तीव्र आलोचना गरेसँगै सेना प्रमुख हालेभीले इजरायली सेनाबाट 'गम्भीर त्रुटि' भएको स्वीकार गरेका छन् ।

इजरायली सेनाले वर्ल्ड सेन्ट्रल किचेन नामको सहायता टोलीमाथि सोमबार रातिको समयमा हवाई हमला गरेको थियो । सेना प्रमुख हालेभीले एक भिडियो सन्देशमा वर्ल्ड किचेनको सहायता टोलीका गतिविधिलाई राम्रोसँग पहिचान गर्न नसक्दा त्रुटिबस सेनाले हमला गरेको बताएका छन् । उनले वर्ल्ड किचेनका सदस्यमाथि जानाजान आक्रमण नगरिएको पनि दाबी गरेका छन् ।

गत अक्टोबरमा युद्ध प्रारम्भ भएयता अमेरिकी परोपकारी संस्था वर्ल्ड किचेनले पहिलोपटक गाजामा विस्थापित सर्वसाधारणलाई खाद्यान्नसमेतका दैनिक उपभोग्य राहत सामग्री वितरण गर्न थालेको थियो । हवाई हमलाबाट वर्ल्ड किचेनको राहत सामग्री राखेको सवारीसाधन ध्वस्त भएको थियो ।

वर्ल्ड किचेनले प्रकाशन गरेको विज्ञप्तिमा समुद्रीमार्गहुँदै गाजामा ल्याइएका १०० टनभन्दा बढी मानवीय खाद्यान्न सहायता सामुद्रिक जहाजबाट अर्को गाडीमा राख्दै गर्दा आफ्ना कर्मचारीमाथि हमला भएको जनाएको छ ।

यस आक्रमणबाट अस्ट्रेलिया, बेलायत, प्यालेस्टाइन, पोल्यान्ड र अमेरिकी-क्यानाडेली नागरिक हताहत भएका थिए । अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त घटनाको कडा शब्दमा निन्दा एवं भर्त्सना गरेका छन् । उनले इजरायलले गाजामा मानवीय सहायताका लागि मद्दत गरिरहेका सहायताकर्मीमाथि हमला गर्नु अत्यन्त निन्दनीय घटना भएको बताएका छन् ।

राष्ट्रपति बाइडेनले उक्त आक्रमणको तत्काल छानबिन गरी घटनाका दोषीमाथि कारबाही गर्न इजरायलसँग माग गरेका छन् । राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेसले पनि मानवीय सहायताकर्मीमाथि भएको आक्रमण अत्यन्त दुःखद रहेको बताउँदै हालसम्म इजरायली आक्रमणबाट १९६ जना मानवीय सहायताकर्मी मारिइसकेको बताएका छ । उनले गाजामा तत्कालै मानवीय युद्धविराम गर्न इजरायललाई आग्रह गरेका छन् । वर्ल्ड किचेनले इजरायली आक्रमणबाट मारिएका व्यक्तिहरूको नाम पनि सार्वजनिक गरेको छ । *रासस/एएफपी*

## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Om Overseas Employment** (इजाजतपत्र नं.: १५१८/०७४/०७५) को नाममा अनिधिकृत व्यक्तिबाट युरोप, क्यानडा वा इजरायल जस्ता देशहरूमा वैदेशिक रोजगारमा पठाईदिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको हुंदा यस प्रा. लि. को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा. लि. बाट मात्र गर्न र आर्थिक कारोबार यस प्रा. लि. को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । साथै हाम्रो आधिकारिक फेसबुक पेजबाहेक कुनै पनि अन्य सामाजिक संजाल नरहेको र यदि कोही कसैले यस प्रा.लि. को नाममा नक्कली एकाउन्ट वा आइडी बनाएर व्यक्तिबाट ठगी गरेर पैसा असुल्ने गरेको खण्डमा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे/गराएमा यस प्रा. लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । थप जानकारीको लागि मुख्य कार्यालय, बसुन्धारामा सम्पर्क गर्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 9851199066
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

नेपाल सरकार
भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग भूमि सुधार तथा मालपोत कार्यालय,
सर्लाही, मलंगवा (मोटी फाँट)

## ३५ दिने सार्वजनिक सूचना

व.स. वसतपुर वार्ड नं. ४ हाल राजदेवी न.पा. वार्ड नं. ४ वस्ने **मौजेलाल झा**लाई दावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जल्लिा सर्लाही गा.वि.स. हथिऔल वार्ड नं. ६ हाल वलरा न.पा. वाड नं. १ वस्ने सिउदयाल कापडले जल्लिा रौतहट गा.वि.स. वसतपुर वार्ड नं. ४ हाल राजदेवी न.पा. वार्ड नं. ४ वस्ने मौजेलाल झालाई वपिक्षी वनाई दावीको जि.स.गा.वि.स मिर्जा हथिऔल वार्ड नं. ५ (क) कि.नं. ५६ को ज.वि. ०-९-० जग्गामा मेरो वुवा लखन कापर मोही रहेकोले मि.नं. १४६८ को मोही नामसारी र द.नं. ३७२३ को मोही जग्गा बाँडफाँडको निवेदन दर्ता भई पेश हुँदा मिति २०८०/११/२३ को आदेशवाट यो सूचना जारी गरीएको छ । यो सूचना प्रकासति भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन वमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम उल्लेखित जग्गाको मोही नामसारी र मोही जग्गा बाँडफाँड तर्फको कार्यावाही भै जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर वाजुर लाग्ने छैन ।

## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Sandiya Human Resources Private Limited** (इजाजतपत्र नं.: १०७९/०७३/०७४) बाट **अभिनास तिमल्सिना**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

Sandiya Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIAM CLEANING & HOSPITALITY
पूर्व स्वीकृति मिति २०८०/१२/२१ LT. No. 302995 चलानी नं. ६०२१७८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 13 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०७/०3 पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ LT. No.294320 चलानी नं. ६०२०९४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WARM PLATE EATERY CO FOR FOOD SUPPLIES
पूर्व स्वीकृति मिति : २०८०/११/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८०/१२/२१ LT. 301363 चलानी नं.६०२१६२६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 3 | 0 | 130 | ५६,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 150 | ६५,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JAZEERA INTERNATIONAL CATERING - LLC
पूर्व स्वीकृति मिति २०८०/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ LT. No. 300202 चलानी नं. ६०२१५१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 34 | 0 | 800 | २९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINAW SKY FACILITY MANAGEMENT
पूर्व स्वीकृति मिति २०८०/१२/२१ LT. No. 302998 चलानी नं. ६०२१७८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 21 | 0 | 120 | ४१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHEHEIMI UNITED LLC
पूर्व स्वीकृति मिति २०८०/१२/२१ LT. No. 302985 चलानी नं. ६०२१७८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Maker | 2 | 0 | 140 | ४८,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sandwich Maker | 2 | 0 | 140 | ४८,४३५ | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 140 | ४८,४३५ | | | | | | | |
| 4 | Waiter - Coffee Shop | 2 | 0 | 140 | ४८,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOOR AL KOWN SERVICES WLL
पूर्व स्वीकृति मिति २०८०/१२/२१ LT No : 302966 चलानी नं ६०२१७८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 8 | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAKHRO RESTAURANTS CO. WLL ( MC Donald's Bahrain)
पूर्व स्वीकृति मिति : २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२१ LT. No.264752 चलानी नं. ६०१८१५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Motor-cycle | 100 | 0 | 120 | ३९,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Food Service Worker | 112 | 48 | 120 | ३९,६३० | | | | | | | |
| 3 | Waiter | 20 | 20 | 135 | ४४,५८५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Amal Overseas Pvt. Ltd.
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३३००० | प्रति तोला – १३२३५० | प्रति तोला – १६१० |



**भित्र्याउने चटारो** | सिन्धुलीको दुधौली नगरपालिका–३ निपानेमा गहुँ काट्दै महिला कृषकहरू ।

*तस्बिर: राधिका बुढाथोकी/रासस*

# अरुण तेस्रोको समस्या समाधानका लागि निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री एवम् लगानी बोर्डका उपाध्यक्ष वर्षमान पुनले अरुण–३ जलविद्युत् आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधानका लागि सहजीकरण गर्न र आयोजनाको काम तीव्रताका साथ अगाडि बढाउन निर्देशन दिएका छन् । लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार मंगलबार बसेको अनुगमन तथा सहजीकरण समितिको ११औँ बैठकपछि अर्थमन्त्री पुनले यस्तो निर्देशन दिएका हुन् ।

अरुण तेस्रो जलविद्युत् परियोजनाको विकासकर्ता कम्पनी एसजेभिएन अरुण–३ पावर डेभलपमेन्ट कम्पनी लिमिटेडबाट माग भएको मूल्य समायोजनअनुसारको रकम सटही



एवं स्थानान्तरण, परियोजनाको ड्याम साइट पहुँचमार्गका रूपमा प्रयोग भैरहेको कोशी राजमार्गको खाँदबारी–दोभान सडकखण्ड स्तरोन्नतिसम्बन्धी विषय र छ्याङ्कुटीदेखि दिदिङसम्मको परियोजनाको पावर हाउस प्रवेशमार्गको मुआब्जाको समस्या समाधानका लागि पहल थाल्न अर्थमन्त्री पुनले निर्देशन दिए ।

साथै होङ्सी शिवम् सिमेन्टको पहुँच सडक स्तरोन्नतिसम्बन्धमा आवश्यक प्रक्रिया थाल्न तथा सम्बन्धित निकायबाट बजेट प्रस्ताव गरी व्यवस्थापन गर्न अर्थमन्त्री पुनले निर्देशन दिएका छन् ।

अनुगमन तथा सहजीकरण समितिको बैठकले मूल्य समायोजनको विषयमा अध्ययन गर्न अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक अध्ययन समिति गठन गर्ने निर्णय गरेको पनि प्रवक्ता उपाध्यायले जानकारी दिए । साथै अरुण–३ आयोजनाको खाँदबारी दोभान सडकखण्डको स्तरोन्नति द्रुत गतिमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय समितिले गरेको छ ।

# मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट ३० मेगावाट विद्युत् उत्पादन

■ प्रभाव संवाददाता

**तनहुँ–** जिल्लाको आँबुखैरेनी गाउँपालिका–४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रको विद्युत् उत्पादन घटेर ३० मेगावाटमा झरेको छ । यसवर्ष लामो समयसम्म पानी नपरेकाले ठूलो परिमाणमा विद्युत् उत्पादन घटेको हो ।

सुख्खा यामसँगै नदीमा पानीको बहाव कम भएकाले ५० प्रतिशतभन्दा बढी मेगावाट विद्युत् उत्पादन घटेको केन्द्रले जनाएको छ । ६९ मेगावाट क्षमताको केन्द्रमा हाल ३९ मेगावाट विद्युत् उत्पादन घटेर ३० मेगावाट मात्र भइरहेको केन्द्रका प्रमुख इञ्जिनीयर पशुपति गौतमले जानकारी दिए ।

लामो समयसम्म पानी नपर्दा, लामो समयसम्म सुख्खा रहँदा नदीमा मिसिने खोला, झरना, खोल्सीको पानी घट्नुका साथै कतिपय खोला सुकेकाले उत्पादन घटेको उनले बताए । हाल सुख्खा मौसम भएकाले यस नदीमा मिसिने स्रोतमा पानीको बहाव कम भएपछि उत्पादन घटेको गौतमको भनाइ छ ।

वैशाख लागेपछि घाम पनि चर्को हुँदै जाने भएकाले हिउँ धेरै पग्लने र वर्षा बढी हुने सम्भावन बढ्ने भन्दै उत्पादन पनि बढ्दै जाने इञ्जीनीयर गौतमले बताए । सुख्खा मौसममा विद्युत् उत्पादन कम भएपछि प्राधिकरणले भारतबाट विद्युत् आयात गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । चिसो मौसममा तापक्रम घट्दै जाँदा हिउँ कम पग्लिने र वर्षा नहुँदा यसका सहायक नदी, खोला, खोल्सी, झरनामा पानीको बहाव घटेर विद्युत् उत्पादन पनि घट्ने गरेको गौतमले बताए ।

यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौंको स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

# सहकारीको विवरण माग्दै काभ्रेका स्थानीय तह

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** तेमाल गाउँपालिका कार्यालयले स्थानीयस्तरका सहकारी संस्थालाई १५ दिनभित्र सबै विवरण उपलब्ध गराउन अनुरोध गर्दै पाँच दिनअघि सार्वजनिक सूचना जारी गर्‍यो । जारी सूचनामा कार्यालयद्वारा दिइएको समय सीमाभित्र विवरण उपलब्ध नगराउने सहकारीको दर्ता खारेजीसम्बन्धी कारबाही प्रक्रियासमेत अगाडि बढाइने उल्लेख गरिएको थियो ।

सूचनामा गाउँपालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको विवरण अद्यावधिक गर्नुपर्ने भएकाले सम्पूर्ण (बहुउद्देश्यीय, बचत तथा ऋण, कृषि तथा अन्य सहकारी संस्था)सहकारीले तोकिएको समयमा आवश्यक कागजात सार्वजनिक गर्न अपिल गरिएको हो ।

'तोकिएको समयभित्र विवरण उपलब्ध नगराउने सहकारीको दर्ता खारेजीसम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने छौँ', गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पवन प्याकुरेलले भने । उनका सहकारीको सेयर सदस्य र सेयर पूँजी तथा बचत संकलन र ऋण लगानीसमेतको विवरण माग गरिएको छ ।

केही हप्ताअघि पाँचखाल नगरपालिकाले सहकारी क्षेत्र सुधार सुझाव कार्यदल–२०८० को सुझाव तथा नगरको सहकारी ऐन–२०७५ को दफा ५२ को (१)उपदफा बमोजिम सहकारी संस्थाको सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिका सदस्य तथा व्यवस्थापकको सम्पत्ति विवरण र उनीहरूले संस्थाबाट लिएको ऋणको विवरण, तीनपुस्ते विवरण, तथा संस्थाका नाममा रहेको जमिन एवं घरको कागजातसमेत बुझाउन नगरले निर्देशन दिएको थियो ।

नगरका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमका अनुसार नगरभित्रका सबै प्रकृतिका सहकारीलाई कारोबार एवं गतिविधि दुरुस्त राखी आ–आफ्ना विवरण 'कोपोमिस'मा प्रविष्ट गर्न निर्देशन दिइएको छ । पाँचखालमा सबै प्रकृतिका एक सय ४१ सहकारी छन् । यस्तै नगरले सबै प्रकृतिका सहकारी संस्थालाई 'बचत कार्ययोजना' निर्माण गर्नसमेत निर्देशन दिएको छ ।

सहकारी क्षेत्रमा पछिल्लो समय देखापरेको समस्या समाधानका लागि सेयर सदस्यको माग बमोजिम बचत फिर्ता गर्ने गरी बचत कार्ययोजना बनाउन नगरका सम्पूर्ण सहकारी संस्थाहरूलाई निर्देशन दिएको हो । जिल्ला सहकारी संघ लिमिटेड (डिस्कोफ) काभ्रेपलाञ्चोकका अनुसार दर्ता भएका एक हजार चार सय ९५ सहकारीमध्ये हाल छ सय ४६ वटा मात्रै सञ्चालनमा छन् । हाल सञ्चालित सहकारीमा छ लाख ७९ हजार आठ सय १८ जना सेयर सदस्य रहेको तथ्याङ्क छ । सङ्घले जिल्लास्थित सहकारी संस्थाको अनुगमन, निरीक्षणका क्रममा आठ सय ४९ वटा सहकारीको अवस्था 'अज्ञात' रहेको जनाएको छ ।

## कर्पोरेट

### एसइई दिएका विद्यार्थीहरूलाई नेबाको ट्यालेन्ट हन्ट कार्यक्रम

**काठमाडौं (प्रस)–** नेपाल बास्केटबल संघ (नेबा)ले ट्यालेन्ट हन्ट कार्यक्रम आयोजना गर्ने भएको छ । त्रिपुरेश्वरस्थित रहेको नेबाले सोमबार एक सूचना जारी गर्दै यो वर्ष एसइई दिएका विद्यार्थीहरूलाई लक्षित गर्दै ट्यालेन्ट हन्ट कार्यक्रम गर्न लागेको जनाएको हो । बास्केटबलमा करियर बनाउन चाहने र यस खेलबाट राष्ट्रको प्रतिनिधित्व गर्न चाहने युवाहरूलाई लक्षित गर्दै ट्यालेन्ट हन्ट कार्यक्रम गर्न लागिएको नेबाले जनाएको छ ।नेबाका अनुसार यो ११औं ट्यालेन्ट हन्ट कार्यक्रम हो ।

ट्यालेन्ट हन्ट वैशाख ६ गतेदेखि विभिन्न स्थानमा सुरू हुने नेबाका अध्यक्ष भीमसिंह गुरुङले जानकारी दिए । 'हामीले स्कुलदेखि नै खेलाडी उत्पादन गर्ने योजनासहित ट्यालेन्ट हन्ट कार्यक्रम गर्दैछौं । यस पटक काठमाडौं उपत्यकासहित काभ्रेमा ट्यालेन्ट हन्ट कार्यक्रम गर्नेछौं ।' उनले बताए । गुरुङका अनुसार काठमाडौंको तीन र ललितपुरका दुई स्थानमा ट्यालेन्ट हन्ट कार्यक्रम हुनेछ । यस्तै भक्तपुर र काभ्रेको एक–एक स्थानमा कार्यक्रम हुनेछ । ट्यालेन्ट हन्टमा सहभागी हुन विद्यार्थीहरूले चैत २८ देखि वैशाख ४ गतेसम्म नेबाको कार्यलयमा गएर फर्म भर्नुपर्नेछ ।

उत्कृष्ट खेलाडीहरूलाई स्कलरसिप प्रदान गरिने नेबाले जनाएको छ । नेबाका अध्यक्ष गुरुङका अनुसार पुरुष ६ र महिला ६ गरी कूल १२ खेलाडीलाई कक्षा ११ र १२ अध्यनका लागि छात्रवृति प्रदान गरिने छ ।

### ग्लोबल आइएमई र जिआइजेडबीच सम्झौता

**काठमाडौं (प्रस)** – ग्लोबल आइएमई बैंक लिमिटेडले जर्मन सरकारको स्वामित्वमा रहेको जी आई जेडसगँ सहकार्य गरी नेपालमा विद्युतीय सार्वजनिक यातायातमा लगानी गर्ने सम्बन्धी सम्झौता गरेको छ । जी आई जेडले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगको सहकार्यमा मिटिगेशन एक्सन फ्यासिलिटीको लगानीमा 'दीर्घकालिन विद्युतीय यातायातका लागि नेपाल' परियोजना सञ्चालन गरिरहेको छ । ग्लोबल आइएमई बैंकले नेपालमा विद्युतीय सवारी साधनको प्रयोग वृद्धि गर्ने उद्देश्यले विद्युतीय सार्वजनिक यातायातमा लगानी गर्न लागेको हो ।



उक्त परियोजनाले सार्वजनिक यातायातमा विद्युतीय साधनको विस्तार हुनुका साथै देशभित्र उत्पादित विद्युतको उपभोगमा बृद्धि भई स्वच्छ वातावरण निर्माणमा सहयोग पुऱ्याउने छ । साथै, सार्वजनिक यातायात सेवामा विद्युतीय सवारी साधनहरूको संख्या वृद्धि भई सर्वसाधारणको पहुँच बिस्तार हुने र पेट्रोलियम पदार्थको खपतमा कमी आउनुका साथै सवारी साधनबाट हुने वातावरणीय प्रदुषणमा समेत कमी आउने विश्वास बैंकले लिएको छ । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

# नेप्सेमा सामान्य गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक तीन दशमलव ४३ प्रतिशतले घटेर दुई हजार छ दशमलव ७८ को बिन्दुमा कायम भएको हो ।



विभिन्न तीन सय २२ कम्पनीका ६४ लाख ८१ हजार आठ सय ३४ कित्ता सेयर ५२ हजार ६५ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ५३ करोड ६२ लाख ३३ हजार नौ सय ८६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

जीवन बीमा समूह शून्य दशमलव ५०, लघुवित्त एक दशमलव ६५ र म्युचुअल फन्ड समूह शून्य दशमलव ३८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७४ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ ।

बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ६३, वित्त शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव १८, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेका छन् ।

कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य नौ दशमलव ९७ र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको सेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सफ्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु २५ करोड ८० लाख ५९ हजार एक सय १६ बराबरको चार लाख ९४ हजार सात सय ४५ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४२७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ